# सामुदायिक विद्यालयमा शैक्षणिक योजना निर्माण र प्रयोगको अवस्था

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय स्नातकोत्तर तह

द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्तिका

लागि तयार गरिएको

शोधपत्र

शोधार्थी

पूर्णचन्द्र न्यौपाने

त्रि.वि. दर्ता नं. ३६३६७-९०

परीक्षा रो.नं २२२००७७

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङकाय

वरुण बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

खाँदबारी, सङ्खुवासभा

२०७०

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक, व्यवस्थापन र शिक्षाशास्त्र अध्ययन सङ्काय

# वरुण बहुमुखी क्याम्पस

खाँदबारी, सखुवासभा
(जनस्तरमा सञ्चालित)
(स्था : २०४३)

फोन नं. : ०२९-५६०१९५
०२९-५६०६९५

## सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय वरुण बहुमुखी क्याम्पस खाँदबारी शैक्षिक योजना तथा व्यवस्थापन विषय एम.एड. शोध वर्षका छात्र पूर्णचन्द्र न्यौपानेले सामुदायिक विद्यालयमा शैक्षणिक योजना निर्माण र प्रयोगको अवस्था शीर्षकको शोध पत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । अध्ययन अनुसन्धानको सीमा र मर्मलाई ध्यानमा राखी मेहनतपूर्वक तयार गर्नुभएको यो शोध पत्र देखि म सन्तुष्ट भई मूल्याङ्कनका लागि शोध पत्र मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

..................................
शोध निर्देशक
सन्तोषकुमार बराल
शैक्षिक योजना तथा व्यवस्थापन विभाग

मिति : २०७०/०८/२५

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक, व्यवस्थापन र शिक्षाशास्त्र अध्ययन सङ्काय
**वरुण बहुमुखी क्याम्पस**
खाँदबारी, संखुवासभा
(जनस्तरमा सञ्चालित)
(स्था : २०४३)
फोन नं. : ०२९-५६०१९५
०२९-५६०६९५

## स्वीकृती-पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विषय स्नातकोत्तर तह शोध वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि पूर्णचन्द्र न्यौपानेले सामुदायिक विद्यालयमा शैक्षणिक योजना निर्माण र प्रयोगको अवस्था शीर्षकमा गर्नुभएको शोध पत्र शोध मुल्याङ्कन समितिबाट मुल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

शोध मुल्याङ्कन समिति

| क.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | क्याम्पस प्रमुख टीकाराम गुरुङ्ग | अध्यक्ष | |
| २. | सन्तोषकुमार बराल | शोध निर्देशक | |
| ३. | | बाह्य सुपरिवेक्षक | |

मिति : २०७०/०९/०५

# कृतज्ञता ज्ञापन

कुनै पनि विषय माथि गर्ने अध्ययन अनुसन्धानको लागि अरुको सहयोग आवश्यक र महत्वपूर्ण हुँदो रहेछ । सायद अरुको सहयोग विना यस्तो अध्ययन, अनुसन्धान सम्पन्न गर्न प्राय असम्भव नै होला । सर्वप्रथम त शोध पत्रको तयारीको क्रममा शोध प्रस्तावनालाई विभागिय स्वीकृति प्रदान गरी अनुसन्धानको मार्ग प्रसस्त गर्न सहयोग पुऱ्याउने शोध समितिप्रति कृतज्ञता प्रकट गर्दछु ।

सामुदायिक विद्यालयमा शैक्षणिक योजना निर्माण र प्रयोगको अवस्था विषयमा अनुसन्धान गर्ने क्रममा स्थलगत निरीक्षणका बेला मलाई हर तरहले सहयोग गर्नु हुने विद्यालयका प्र.अ., विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लगायत अभिभावक तथा शिक्षकहरु सबै धन्यवादका पात्र रहनु भएको छ । यसै गरी कखरा देखि यो तह सम्म पुऱ्याउनु हुने पुजनीय माता पिताका चरणकमलमा यसको श्रेय टक्र्याउँछु । शोध लेखन कार्यमा सदैव सहयोग पुऱ्याउने मेरी जीवन संगिनी श्रीमती इन्दिरा भण्डारी (न्यौपाने) को सहयोगलाई म कहिल्यै पनि विर्सन सक्दिन । अध्ययन कार्य पुरा गर्न गराउन सहयोग पुऱ्याउनु हुने मित्रहरु श्री मोहन कटुवाल, डोलानाथ नेपालले गरेको सहयोगलाई मित्रताको फराकिलो बन्धनको रुपमा लिएको छु । मेरा यस शोध पत्रको पान्डुलिपीलाई आफै तत्परता देखाउँदै कम्प्युटर टाइप गरी यस रुपमा ल्याउन सहयोग गर्नु हुने मेरा अनन्य मित्र, श्री प्रदिप भण्डारी र युनिक कम्प्युटर सर्भिस सेन्टर, खाँदबारी का प्रवीण श्रेष्ठ ज्यूको गुन कुन जुनीमा तिर्ने म भन्न सकिरहेको छैन ।

सबै भन्दा महत्वपूर्ण स्थानमा रहनु हुने मेरो यस शोधका निर्देशक श्री सन्तोषकुमार बराल ज्यू जसको सहयोग विना यो शोध त के मेरो सपना नै अधुरो हुन्थ्यो होला । जसले मलाई शोधको लेखन शुरु देखि अन्त्य सम्म सामाग्री उपलब्ध गराउने, प्रत्यक्ष भेटघाट र फोन सम्पर्कमा समेत सल्लाह सुझाव र सहयोग पुऱ्याउनु भएको छ । वहाँको यस गुणलाई आजन्म सम्म मेरो मानसपटलमा राख्दै स्मरण गर्न चाहन्छु ।

शोधार्थी

# शोधसार

सामुदायिक विद्यालयमा शैक्षणिक योजना निर्माण र प्रयोगको अवस्था नामक यस शोधपत्रमा शैक्षणिक योजनाको कक्षाकोठा भित्रको प्रभाकारिता र योजनाबद्ध रुपमा गरिने क्रियाकलापको रुपमा लिएको छ । विद्यालयमा शैक्षिक योजना निर्माणको विश्लेषण र प्रयोगको अवस्था पत्ता लगाउने प्रमुख उद्देश्य राखी तयार पारिएको यो शोधपत्र संखुवासभा जिल्लाको चन्दनपुर स्रोतकेन्द्र भित्रका सामुदायिक प्राथमिक, निम्नमाध्यामिक र माध्यामिक विद्यालयमा सीमित गरिएको थियो । यसका लागि अन्तवार्ता तालिका, प्रश्नावली, अभिलेख अध्ययनका साथै सर्वेक्षण फारमबाट तथ्याङ्क संकलन गरी मिश्रित अनुसन्धानको ढाँचालाई प्रयोग गरिएको छ ।

नमुना छनौटमा परेका पाँच वटा सामुदायिक विद्यालयहरुमा शैक्षणिक योजना अन्तर्गत पर्ने वार्षिक कार्यतालिका सबै विद्यालयहरुमा श्रोत केन्द्र स्तरिय रुपमा निर्माण गरी प्रयोग गरेको पाइन्छ । प्रथामिक तहका र नि.मा.वि. तहका विद्यार्थिहरुलाई शैक्षणिक योजना सम्वन्धि जानकारी नभएको पाइयो । माध्यमिक तह (कक्षा ९ र १०) का विद्यार्थिहरुलाई शैक्षणिक योजनाको बारेमा धरै कुरा थाहा भएको पाइयो यसको कारण उक्त सामुदायिक विद्यालयहरुमा कक्षा ९ र १० मा १०० पुर्णाङ्कको शिक्षा विषय ऐच्छिक विषयको रुपमा अध्यापन गरेको पाइयो । उक्त विद्यालयहरुमा बार्षिक कार्ययोजना निमार्णको अवस्थालाई हेर्दा ९५% शिक्षकहरुले प्रत्येक वर्ष निमार्ण गरेको पाइयो । त्यस्तै गरी एकाइ योजना भने ५०% शिक्षकहरुले मात्र हरेक वर्ष निमार्ण गरेको  र ५०% शिक्षकहरुले एकाइ योजना कुनै कुनै वर्षमात्र निमार्ण गरेको पाइयो । त्यस्तै गरी दैनिक पाठयोजना निर्माणको अवस्थालाई हेर्दा उक्त विद्यालयका शिक्षकहरुले दैनिक पाठयोजना मानसिक रुपमा मात्रै तयार गरेको पाइयो । उक्त विद्यालयहरुमा शैक्षणिक योजना कार्यन्वयनको अवस्थालाई हेर्दा ५५% शिक्षकहरुले कार्यन्वयन गरेको पाइयो त्यस्तै गरी शैक्षणिक योजना निमार्ण गर्दा विद्यालयमा उपलब्ध पाठ्यसामाग्रीहरु, पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका र अन्य सामाग्रीहरु मिश्रित रुपमा रहेको पाइयो ।

विद्यालयमा शैक्षणिक योजनाको निर्माण गर्न शिक्षक, प्र.अ.लाई प्रोत्साहित गर्दै, योजना निर्माणका लागि आवश्यक सामाग्रीहरुको उपलब्ध गराउनु पर्ने, स्रोतव्यक्ति, विद्यालय व्यवस्थापन समितिले शिक्षकलाई योजना निर्माण गर्न तालिम प्रदान गदै आवश्यक सामग्री समेत उपलब्ध गराउनु पर्ने,

*योजना निर्माण गर्दा सरोकारवाला बीच छलफल गरिनुपर्ने, योजना कार्यनवयनका लागि आवश्यक अनुगमन, निरीक्षण, पृष्ठपोषण दिइनुपर्ने यस शोधपत्रको सिफारिस रहेको छ ।*

# तालिका सूची


तालिका नं. १ नमुना छनौटमा परेका विद्यालय तथा सरोकारवाला

तालिका नं. २ वार्षिक कार्ययोजना निर्माणको अवस्था

तालिका नं. ३ वार्षिक कार्यतालिका निर्माणको अवस्था

तालिका नं. ४ एकाई योजना निर्माणको अवस्था

तालिका नं. ५ दैनिक पाठयोजना निर्माणको अवस्था

तालिका नं. ६ शैक्षणिक योजना कार्यान्वयनको अवस्था

तालिका नं. ७ सात शैक्षणिक योजना निर्माणमा देखिएका समस्याको अवस्था

तालिका नं. ८ शैक्षणिक योजना निर्माण र प्रयोग गर्दा सिकाईमा आउने प्रभावको अवस्था

तालिका नं. ९ दैनिक पाठयोजना प्रभावकारिताको अवस्था

तालिका नं. १० शैक्षणिक योजना प्रभावकारिता बनाउने उपायको अवस्था

तालिका नं. ११ वार्षिक कार्यतालिकाले शिक्षण सिकाईमा सहयोगको अवस्था

तालिका नं. १२ दैनिक पाठयोजना प्रभावकारिताको अवस्था

तालिका नं. १३ शैक्षिक सामग्री निर्माणमा विद्यार्थी सहभागीताको अवस्था

तालिका नं. १४ शैक्षणिक योजना निर्माण गर्ने जिम्मेवारीको अवस्था

तालिका नं. १५ शैक्षणिक योजना प्रभावकारि बनाउने उपायको अवस्था

# चित्रसुचि

१. वार्षिक कार्ययोजना निर्माणको अवस्था

२. एकाई योजना निर्माणको अवस्था

३. दैनिक पाठयोजना निर्माणको अवस्था

४. शैक्षणिक योजना कार्यान्वयनको अवस्था

५. सात शैक्षणिक योजना निर्माणमा देखिएका समस्याको अवस्था

६. शैक्षणिक योजना निर्माण र प्रयोग गर्दा सिकाईमा आउने प्रभावको अवस्था

७. दैनिक पाठयोजना प्रभावकारिताको अवस्था

८. वार्षिक कार्यतालिकाले शिक्षण सिकाईमा सहयोगको अवस्था

९. दैनिक पाठयोजना प्रभावकारिताको अवस्था

१०. शैक्षिक सामग्री निर्माणमा विद्यार्थी सहभागीताको अवस्था

११. शैक्षणिक योजना प्रभावकारि बनाउने उपायको अवस्था

# संक्षिप्त शब्दावलीको पुरा रुप

| | | |
|---|---|---|
| आ.व. | - | आर्थिक वर्ष |
| उ.रा.शि.आ. | - | उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग |
| गा.वि.स. | - | गाउँ विकास समिति |
| जि.वि.स. | - | जिल्ला विकास समिति |
| जि.शि.का. | - | जिल्ला शिक्षा कार्यालय |
| न.पा. | - | नगरपालिका |
| प्र.अ. | - | प्रधानाध्यापक |
| वि.व्य.स. | - | विद्यालय व्यवस्थापन समिति |
| वि.सं. | - | विक्रम सम्बत |
| शै.व. | - | शैक्षिक वर्ष |
| शै.सा. | - | शैक्षिक सामग्री |
| रा.शि.प.यो. | - | राष्ट्रिय शिक्षा पद्दतिको योजना |
| रा.शि.आ. | - | राष्ट्रिय शिक्षा आयोग |
| क्षे.शि.नि. | - | क्षेत्रीय शिक्षा निर्देशनालय |

# विषय सूची


| शिर्षक | पेज नं. |
|---|---|
| सिफारिस पत्र | i |
| स्वीकृति पत्र | ii |
| कृतज्ञता ज्ञापन | iii |
| शोधसार | iv |
| तालिका सूची | vi |
| चित्र सूची | vii |
| संक्षिप्त शब्दावलीको पुर्ण रुप | viii |
| विषय सूची | ix |


## परिच्छेद एक :
## परिचय


| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ४ |
| १.३ अध्ययनको औचित्य | ४ |
| १.४ अध्ययनको उद्देश्य | ५ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरु | ५ |
| १.६ अध्ययनको परिसीमा | ५ |
| १.७ मुख्य शब्दहरुको परिभाषा | ६ |


## परिच्छेद दुई :
## सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका


| | |
|---|---|
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | ७ |

२.२ अध्ययनको सैद्धान्तिक खाका १७
२.३ अनुसन्धानमा पुनरावलोकनको प्रयोग २१

## परिच्छेद तीन :

## अध्ययन विधि

३.१. अनुसन्धान ढाँचा २२
३.२. जनसंख्या र नमुना २२
३.३. अनुसन्धानका साधन २३
३.४. तथ्याङ्कका स्रोतहरु २४
३.५. तथ्याङ्क संकलन प्रक्रिया २४
३.६. तथ्याङ्क विश्लेषण प्रक्रिया २५

## परिच्छेद चार :

## नतिजा विश्लेषण

४.१ तहगत रुपमा शैक्षणिक योजना निर्माणको अवस्था २६
४.२ तहगत रुपमा शैक्षणिक योजना प्रयोगको अवस्था ३१
४.३ तहगत रुपमा शैक्षणिक योजना निर्माणमा देखिएका समस्याहरुको अवस्था ३२
४.४ तहगत रुपमा शैक्षणिक योजनामा निर्माण र प्रयोगले ल्याउने प्रभावकारिताको अवस्था ३४

## परिच्छेद पाँच :

## निष्कर्ष र सुझावहरु


५.१. निष्कर्ष ४४

५.२. सुझावहरु ४५

सन्दर्भ सामग्री

अनुसूचिहरु

# परिच्छेद एक :

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव सभ्यताको विकासक्रम सँगै मानिसका जीवनका जटिलता हटाउन सिकाउने उपायका रुपमा शिक्षाको शुरु भएको पाइन्छ । मानिसको व्यवहारको परिवर्तन ल्याउन अनौपचारिक शिक्षाका साथसाथै औपचारिक शिक्षाको समेत शुरुवात हुदैआएको तथ्य स्पष्ट छ ।  त्यसैगरी मानवको विकास सँगै शिक्षामा पनि नयाँ तौर तरिका आउन थालेको, शिक्षालाई परिवर्तन, परिमार्जन र व्यवस्थित वनाउदै लान थालेको तथ्य पनि रहेको छ । त्यसैले शिक्षा व्यक्तित्व विकासको एक मूल आधार बन्न पुगेको छ ।

नेपालको शैक्षिक विकासको इतिहास हेर्ने हो भने प्राचीन कालमा गुरुकुल शिक्षा प्रणालीमा आधारित थियो, जहाँ सम्भ्रान्त परिवारले मात्र शिक्षा लिन्थे भने त्यहाँ व्यक्तिगत रुपमा ज्ञान नीतिका रुपमा सिग्दथे । मल्लकालमा ठूलाका छोराछोरीहरुले अनौपचारिक रुपमा मठ मन्दिर, आश्रम र विहारका शिक्षा ग्रहण कार्य गर्दथे । लिच्छवीकालमा शिक्षा सम्बन्धी कार्य गर्ने निकाय अग्रहार थियो भन धार्मिक सहिष्णुता (शैव, वैश्णव र बौद्ध) शिक्षा प्रणाली चलेको थियो ।

राणाकालिन शासन कालमा जंग बहादुरले बेलायतबाट फर्केपछि वि.सं. १९१० सालमा स्थापना गरेको दरवार स्कूलको स्थापना गरी आफ्ना छोराछोरीका लागि भन्दै औपचारिक शिक्षाको शुरुवात समेत भएको पाइन्छ । राणा प्रधानमन्त्रीहरु शिक्षाप्रति नकारात्मक सोच राख्ने भएकाले नेपालमा शिक्षाको उल्लेख्य विकास भएको पाइदैन । तैपनि वि.सं १९७५ मा त्रि-चन्द्र कलेजको स्थापना, वि.सं. १९९० सालमा परीक्षा नियन्त्रण कार्यालयको स्थापना लगायतका काम भएको पाइन्छ ।

शिक्षाको आवश्यकता र महत्वलाई बुझी शिक्षा सम्बन्धी विभिन्न योजनाहरुको तर्जुमा समेत हुदै आएका छन् । पौराणिक कालदेखि नै स्पार्टा, एथेन्स र पेरुजस्ता देशहरुले सामाजिक तथा आर्थिक उद्देश्य प्राप्तिका लागि योजनाबद्ध विकासको अवधारणा शुरुवात गरेको पाइन्छ । सन् १९४५ देखि

विश्वमा आएको परिवर्तनले शिक्षा प्रणाली तथा शैक्षिक योजनाकारहरुको ध्यान आकृष्ट भै शैक्षिक योजनाको आवश्यकता महशुस भएको पाइन्छ ।

विद्यालय एक सानो समाज हो, जसलाई शिक्षा प्रदान गर्ने उद्देश्यले स्थापना गरिएको हुन्छ । विद्यालयमा शिक्षक तथा विद्यार्थीको प्रगति र विकासका लागि शैक्षणिक योजनाको महत्वपूर्ण भूमिका रहन्छ । योजना विहिन काम लक्ष्यमा पुग्न नसकिने हुनाले समस्या आई आफूले चाहेको गन्तव्य तर्फ सकुशल अगाडि बढ्न र बढाउन सकिदैन । त्यसैले शैक्षिक संस्थालाई व्यवस्थित ढंगले संचालन गर्ने विभिन्न शैक्षिक योजनाको निर्माण गरी प्रभावकारी ढंगबाट कार्यान्वयन गर्नु बढी सान्दर्भिक हुन्छ ।

शैक्षणिक योजना भन्नाले विद्यालय, शिक्षक र कक्षालाई प्रभावकारी रुपले संचालन गर्ने योजनाको रुपमा लिइन्छ । यसैगरी शैक्षणिक योजनामा कुन विषयवस्तुलाई कुन कुन शिक्षण सामग्री, कुन शिक्षण विधि र कुन शिक्षण क्रियाकलापबाट विद्यार्थीको सिकाई उपलब्धी वा नतिजा के कसरी मूल्यांकन गर्ने भन्ने कुरा समेत उल्लेख गरिएको हुन्छ । शैक्षणिक योजनालाई सीमित र कक्षाकोठा भित्र निहित बनाइएको हुन्छ । यो विद्यालयको शैक्षणिक योजनाको एक भागको रुपमा रहेको छ । पाठ्यक्रमले तोकेको विषयगत उद्देश्य पुरा गर्नको लागि शैक्षणिक योजनाको निर्माण र कार्यान्वयन गरिएको हुन्छ । त्यसैले यसलाई शिक्षकले दक्ष शिक्षणका लागि निर्माण गरी कार्यन्वयन गर्दछन् ।

नेपालमा योजनाबद्ध विकासको वि.सं. २०१३ सालदेखि भएतापनि विद्यालय तहमा राज्य स्तरबाट खोलिएका विद्यालयको संचालन र व्यवस्थापन गर्न वि.सं. १९९६ सालमा जारी भएको शिक्षा इस्तिहारबाट भएको पाइन्छ । यसैलाई नै पहिलो शैक्षिक कानूनको रुपमा समेत लिइएको पाइन्छ । यसले नेपालको शिक्षा व्यवस्थालाई विकासको व्यवस्थापन पाठ्यक्रम निर्माण, शिक्षाको माध्यम भाषा नेपाली, निरिक्षण र प्रशासनको व्यवस्था, विद्यालयमा शिक्षक - विद्यार्थी अनुपात आर्थिक अधिकार, विद्यालय संचालक समितिको व्यवख्या, छात्रवृत्तिको व्यवस्था वार्षिक मूल्यांकन, शिक्षकलाई प्रोत्साहन, नयाँ विद्यालय खोल्ने प्रक्रिया जस्तो व्यवस्था समेत उल्लेख गरिएको थियो ।

वि.सं. २००७ साल पछि नेपालमा शिक्षा विस्तार र विकासका लागि वि.सं. २००९ सालमा नेपाल राष्ट्रिय शिक्षा योजना आयोग गठन गरियो । उक्त प्रतिवेदनमा प्राथमिक र प्रौढ शिक्षालाई देशव्यापी बनाउने, निःशुल्क बनाउने, तथा माध्यमिक स्कूल रोजगारी दिने बहुउद्देश्यीय हुने त्यसैगरी शिक्षाको संरचना ५+५+२ देखि ७ वर्षसम्मको हुने कुरा उल्लेख गरिएको छ । भने वि.सं. २०२८ सालमा

राष्ट्रिय शिक्षा पद्धतिको योजना २०३८-३२ को घोषणा समेत भएको थियो । यसले पनि शिक्षालाई व्यवस्थित रुपमा संचान गर्न विभिन्न कार्यक्रमहरु ल्याएको थियो ।

वि.सं. २०४६ सालमा प्रजातन्त्रको पुर्नवहाली पश्चात गठित राष्ट्रिय शिक्षा आयोगले २०४९ सालमा आफ्नो प्रतिवेदन तत्कालिन प्रधानमन्त्री समक्ष पेश गरी योजनावद्ध शिक्षाको विकासमा योगदान दिएको थियो । जसले माध्यमिक तहसम्म निःशुल्क शिक्षा, माध्यमिक तहलाई तीन चरण ( कक्षा ६- ८ निमावि, ९-१० मा.वि. र ११- १२ उच्च मा.वि) मा वर्गिकरण गरी शिक्षा दिनु पर्ने व्यवस्था समेत उल्लेख गरेको थियो भने वि.सं. २०५५ सालमा गठित उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगले रा.शि.आ. २०४९ ले उल्लेख गरेकै धेरै विषयवस्तुलाई निरन्तरता दिनुपर्ने कुरालाई उल्लेख गरेको छ । त्यसैगरी शिक्षा सम्बन्धी उच्चस्तरीय कार्य समिति २०५८ गठन समेत गरिएको थियो । यसले शिक्षा सम्बन्धी समस्यालाई विश्लेषण गर्दै मुख्यतया ३ वटा मुद्दालाई उठान गरेको छ । ती हुन् - सार्वजनिक विद्यालयको गुणस्तर बढ्न नसक्नु, निशुल्क शिक्षा वास्तविक निःशुल्क हुन नसक्नु र निजी विद्यालयहरु नियमित संचालन हुन नसक्नु आदि ।

यसरी नेपालमा शैक्षणिक योजनाको निर्माण, कार्यन्वयन संचालन भएता पनि व्यवहारिक रुपमा अझै पनि वास्तविक योजनाको निर्माण हुन नसकेको जन गुनासो सुन्न पाइन्छ । शिक्षाको अपेक्षित उद्देश्य हासिल हुन नसकी ठूलो मात्रामा शैक्षिक क्षति भइरहेको तथ्य पाइन्छ । त्यसैले नेपालमा योजनाको वास्तविक अवस्था पहिचान गर्न सान्धर्भिक देखिएको छ।

## १.२ समस्याको कथन

विद्यालय तहमा निर्माण गरिने शैक्षणिक योजनाले विद्यालयको विकास र शैक्षिक गुणस्तर वृद्धि गर्न सहयोग पुऱ्याउछ । यो शोध अनुसन्धान निम्न समस्याहरुको समाधानमा आधारित रही अगाडि बढेको छ :

१. विद्‌यालयहरुमा पाठ्‌क्रमले तोके अनुसार शिक्षण योजनाहरु बनेका छन्‌ कि छैनन ?

२. निर्मित योजनाहरु प्रयोगमा ल्याइएका छन्‌ कि छैनन ?

३. योजनाको प्रयोगले सिकाइ उपलब्धिमा प्रभाव पारेको छ या छैन ?

४. योजनाको निर्माण गर्न शिक्षकलाई के के चुनौतिहरु रहेका छन ?

५. योजना निर्माण कार्यलाइ प्रभावकारी बनाउन के गनुपर्ला ?

## १.३ अध्ययनको औचित्य

शिक्षा देश विकासको माध्यम हो । शिक्षानै समाज परिवर्तनको मेरुदण्डको रुपमा रहेको छ । त्यसैले यस्तो शिक्षा प्रदान गर्ने निकाय विद्यालयमा योजनावद्ध शिक्षा प्रदान गर्न शैक्षणिक योजनाको निर्माण गरिएको हुन्छ । ती योजनाको वास्तविक अवस्था पहिचान गरी सम्बन्धित पक्षको ध्यानाकर्षक गराउनु यो अध्ययनको औचित्य रहेको छ ।

योजना विहिन शैक्षिक कार्यक्रम सफल हुन सक्दैन र शिक्षाको लक्षित उद्देश्य पनि पूरा हुन सक्दैन । विद्यालयमा पनि कुन विषयवस्तुलाई कुन शिक्षण विधि, सामाग्री, कस्तो क्रियाकलाप, कसरी मूल्यांकन गर्ने जस्ता कार्यहरु योजनावद्ध तरिकाले पूर्व निर्धारित हुनुपर्छ । यसको ज्ञान शैक्षणिक योजनाले मात्र दिन सक्छ । त्यसैले पाठ्यक्रमले राखेको लक्ष्य र उद्देश्य पूरा गर्न निर्माण गरिने शैक्षणिक योजनाको वास्तविक अवस्था पहिचान गराउनु यस अध्ययनको अर्को औचित्य रहेको छ ।

विद्यार्थीले विद्यालयमा प्राप्त गर्ने ज्ञान योजनावद्ध हुनुपर्छ भनिएको छ । यसका लागि विद्यालयमा निर्माण गरिने योजना एक हो, जसको सफल निर्माण र कार्यन्वयनबाट मात्र सही ज्ञान प्राप्त गर्न सकिने हुन्छ । त्यसैले विद्यालयहरुमा निर्माण गरिने भनिएका शैक्षणिक योजनाले शिक्षक विद्यार्थी र

समाजको आवश्यकता पुरा हुने स्पष्ट छ। अतः यस अध्ययनले सरोकारवालालाई थप कार्य गर्न समेत मद्दत पुग्ने विश्वास गरिएको छ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययन कार्यलाई पूरा गर्न निम्नानुसारका उद्देश्यहरुको छनौट गरिएको छः

१. विद्यालयहरुमा शैक्षणिक योजना निर्माण र प्रयोगको अवस्था  पहिचान गर्नु,

२. शैक्षणिक योजना प्रयोगको सन्र्दभमा विद्यालयहरु बीच  तुलनात्मक अध्ययन गर्नु,

३. उक्त योजना निर्माण र प्रयोगको सन्र्दभमा देखिएका समस्याहरु खोजि गर्नु,

४. शैक्षणिक योजनालाई प्रभावकारी रुपबाट प्रयोग गरी लागू गर्न सकिने उपायहरु खोजी गर्नु।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

निम्न लिखित प्रश्नहरु माथि केन्द्रित रहेर यो अध्ययन पूरा गरिएको छ :

१. सामुदायिक विद्यालयहरुमा शैक्षणिक योजना निर्माण र प्रयोगको अवस्था कस्तो छ ?

२. शैक्षणिक योजना प्रयोगको सन्दर्भमा विद्यालयहरु विच (तहगत) को अवस्था कस्तो छ ?

३. उक्त योजना निर्माणको सन्दर्भमा देखिएका समस्याहरु के के रहेका छन् ?

४. शैक्षणिक योजनालाई प्रभावकारी रुपमा प्रयोग/लागु गर्न के कस्ता उपायहरु अपनाउन सकिन्छ ?

५. उक्त योजना सम्वन्धी सुझवहरु के के हुन सक्छन् ?

## १.६ अध्ययनको परिसीमा

यस अध्ययनले सामुदायक विद्यालयको शैक्षणिक योजना प्रयोगको  अवस्थालाई समेट्ने भएता पनि अध्ययनकर्ता लाई पर्ने विभिन्न किसिमका कठिनाईको कारणले निम्नानुसारले सिमीत गरिएको छ :

(१) संखुवासभा जिल्लाको चन्दनपुर स्रोत केन्द्र,

(२) उक्त स्रोतकेन्द्रका स्रोत व्यक्ति,

(३) त्यस भित्रका पाँच वटा समुदायिक विद्यालयहरु,

(४) प्रत्येक विद्यालयका प्र.अ.हरु,

(५) प्रत्येक विद्यालयका चार/चार जना शिक्षकहरु,

(६) प्रत्येक विद्यालयका दुई/दुई जना वि.ब्य.स पदाधिकारीहरु,

(७) प्रत्येक विद्यालयका पाँच/पाँच जना विद्यार्थीहरु ।

## १.७ मूख्य शब्दहरुको परिभाषा

| | |
|---|---|
| सामुदायिक विद्यालय | : नेपाल सरकारवाट नियमित अनुदान पाउने गरी स्वीकृत वा अनुमति प्राप्त विद्यालय । |
| शैक्षणिक योजना | : तोकिएको पाठ्यक्रमलाई शिक्षण सिकाई क्रियाकलापद्वारा विद्यार्थी समक्ष पुऱ्याउने योजना । |
| शिक्षक | : सामुदायिक विद्यालयमा अध्यापन गराउने ब्यक्ति । |
| विद्यार्थी | : सामुदायिक विद्यालयमा अध्ययन गर्ने ब्यक्ति । |
| स्रोत केन्द्र | : शिक्षा नियमावली अनुसार वनेको जिल्ला शिक्षा कार्यालय अन्तर्गत संचालित संस्था । |
| वि.ब्य.स. | : विद्यालयको सञ्चालन र व्यवस्थापनमा सहयोग पुऱ्याउने समूह । |

# परिच्छेद दुई :

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक  संरचना

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

अनुसन्धान कार्य वा अध्ययनकार्यलाई उद्देश्यमुलक तथा सार्थक बनाउनको लागि अनुसन्धानकर्ताले सम्बन्धित विषय तथा क्षेत्रमा भएका विभिन्न लेख, प्रतिवेदन, पुस्तक, अनुसन्धान प्रतिवेदन जर्नल लेख आदिको अध्ययन गर्नुपर्छ । यदि सम्बन्धित साहित्यको पुनरावलोकन नगरी गरिएको अनुसन्धान कार्य वा अध्ययन कार्य अप्रभावकारी साथै अधुरो नै रहन्न साथै त्यस्तो अनुसन्धानले वास्तविक तथ्यांकको खोजी गर्न सक्दैन र वास्तविकता समेत पत्ता लगाउन सक्दैन अन्ततगत्व त्यो अनुसन्धाननै अधुरो हुन पुग्दछ । सोही कुरालाई मध्यनजर गरी यो अनुसन्धान कार्यलाई पूर्णता दिन वा उद्देश्यमुलक बनाउन निम्नानुसार का साहित्यको  पुनरावलोकन गरिएको छ :

| | | |
|---|---|---|
| क) | विद्या | : शोधपत्र |
| | शोधशिर्षक | : सामुदायिक विद्यालयमा शैक्षणिक योजनाको प्रभावकारीता |
| | शोधकर्ता | : लेखनाथ भट्टराई |
| | शोधवर्ष | : २०६७ |
| | पेश भएको क्याम्पस | : सुकुना बहुमखी क्याम्पस इन्द्रपुर, मोरङ्ग |

विद्यालयमा निर्माण गरिने शैक्षणिक योजनाको प्रभावकारीता पत्ता लगाउन निम्नानुसारका उद्देश्यहरु राखि सोधपत्र तयार गरेको पाइन्छ :

(क) सामुदयिक विद्यालयमा शैक्षणिक योजनाको विश्लेषण गर्नु

(ख) कक्षा शिक्षणमा शैक्षणिक योजनाको प्रभावकारिता पत्ता लगाउनु ।

(ग) शैक्षणिक योजना निर्माणमा देखापरेका समस्याहरु पत्ता लगाई सुझाउनु ।

यी उद्देश्यहरु पुरा गर्नको  लागी उनले सुनसरी जिल्लाको इटहरी स्रोत केन्द्र अर्न्तगत पर्ने पाँच वटा सामुदायिक विद्यालयहरुलाई नमुनाको रुपमा लिइएर यस स्रोत केन्द्र भित्र सञ्चालित सरकारी

अनुदान प्राप्त सामुदायिक विद्यालय, प्र.अ., शिक्षक, वि.व्य.स., शिक्षक अभिभावक संघ र अन्य सरोकार वालाहरुलाई जनसंख्याको रुपमा लिइएर यो अनुसन्धान पुरा गरिएको छ। यस अध्ययनमा नमूना छनौट गर्दा बिभिन्न ठाउको, बिषयको, व्यक्तिको प्रतिनिधित्व हुने गरी समावेशी तथा समानुपातिक आधारमा, भौगोलिक अवस्था, यातायातको सुविधा, आफ्नो पहुँच, कार्य क्षेत्र स्थल लगायत तथ्याङ्कको विश्वसनियता र बैद्यता हुने गरी साधनको पर्याप्ततालाई ध्यान दिंदै उचित र वैज्ञानिक आधारबाट नमूनाको छनौट गरिएको छ। अभिलेख अध्ययन, सर्वेक्षण फारम, प्रश्नावली र अन्तर्वार्ता तालिकाबाट प्राप्त जानकारी र तथ्यहरुलाई प्रतिक्रियाको प्रकृति हेरी सामुदायिक बिद्यालयको शैक्षिक योजनाको प्रभावकारिता हेर्न आवश्यक मात्रामा उद्देश्य अनुसार उपर्यूक्त शिर्षकको चयन गरी तथ्याङ्कलाई तालिकीकरण, ग्राफ चित्र, बृत्त चित्र र प्रतिशतको आधारमा व्याख्या र विश्लेषण गरिएको छ भने व्याख्यात्मक विवरणात्मक विधिको समेत उपयोग गरिएको छ ।

## यस शोधपत्रमा उल्लेख गरिएका समस्याहरु

क) सामुदायिक बिद्यालयमा सन्दर्भ सामाग्री र शैक्षिक सामाग्रीको अभाव ।

ख) तालिम प्राप्त शिक्षक भए पनि काम प्रति इमान्दारिता नभएको, पुनर्ताजगी तालिमको व्यवस्था हुन नसकेको ।

ग) पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका बीच तालमेल हुन नसकेको, कतिपय शिक्षक नै योजनासँग अनभिज्ञ रहेको ।

घ) बिद्यालयको बार्षिक कार्यपात्रो निर्माण नहुनु प्रअ/शिक्षकलाई योजना सम्बन्धी ज्ञानको अभाव भएको/प्रयोग हुन नसकेको, पाठयोजना निर्माण झन्झटिलो हुने गरेको ।

ङ) शैक्षिक सामाग्रीको निर्माण/संकलन गर्न समयको पर्याप्तता नभएको, बिद्यालय व्यवस्थापन र वातावरण प्रतिकुल भएको, राज्य तर्फबाट पनि बेलाबेलामा तालिम, अनुगमन, सुपरिवेक्षण हुनुपर्ने तर त्यस्तो नभएको ।

च) शिक्षक विना तयारी कक्षा कोठा भीत्र आउनु, शैक्षिक सामाग्री, पाठयोजना बिना नै पठनपाठन गराउनु ।

छ) शिक्षक पूरासमय कक्षा भित्र नबस्नु, कक्षा भित्र हल्ला र अन्य क्रियाकलाप बढी हुनु ।

## शोधपत्रमा उल्लेख गरिएका सुझावहरु

(क) बिद्यालय खोल्ने अनुमति/स्वीकृति दिएर मात्र हुदैन त्यसका लागि वेला बेलामा अनुगमन, सुपरीवेक्षण गरी आवश्यक पृष्ठपोषण दिनु पर्ने ।

(ख) बिद्यालयले बार्षिक कार्यक्रमको स्पष्ट खाका/स्वरुप तयार परि निर्माण गरेको बार्षिक कार्य योजना बिद्यालयमा अनिवार्य निर्माण गर्न लगाई सबैले देख्न सक्ने ठाउँमा राख्न निर्देशन दिने । साथै समय अनुसार यसका लागि तालिम/पुनर्ताजगि तालिमको व्यवस्था समेत हुनुपर्ने ।

(ग) खास माथिल्लो निकायबाट शिक्षाका कार्यक्रम ल्याउदा/निर्माण गर्दा तल्लो निकायबाट पनि सल्लाह र सुझाव बटुल्न आवश्यक हुन्छ । ति सल्लाह र सुझाव उपर्यूक्त देखिए कार्यक्रममा सहभागी गराउनु पर्छ । यसले तल्लो निकाय(कार्यान्वयन गर्ने निकाय) लाई बढी जिम्मेवार बनाउछ ।

(घ) बिद्यालयहरुमा शैक्षणिक योजना निर्माणका लागि आवश्यक पर्याप्त सामाग्रीको अभाव देखिएको छ । यसको लागि माथिल्लो निकायले आर्थिक सहयोग, भौतिक सहयोग, प्राविधिक सहयोग गर्नुपर्ने देखिन्छ ।

(ङ) समय/समयमा बिद्यालयको अनुगमन र निरीक्षण गर्ने/ (Taylor) ले भने झैं राम्रो कार्यका लागि पुरस्कार र नराम्रो कार्यको लागि दण्डको व्यवस्था गर्ने । यसबाट प्र.अ./शिक्षकले नियमित शैक्षणिक योजनाको निर्माण गर्न उच्च मनोबलका साथ काम गर्नेछन् । यस्ता कार्यले बिद्यालयको योजना निर्माणमा समेत सहयोग पुग्ने छ ।

(च) उत्कृष्ठ र उदाहरणीय योजना निर्माणकर्ता प्रअ/शिक्षक/बि.व्य.स. लाई पुरस्कृत गर्ने र त्यस्ता कार्यलाई अन्य बिद्यालयका लागि प्रचार-प्रसार गर्न उदाहरण प्रस्तुत गर्ने ।

(छ) डेविन(२००७) ले भने झैं समय-समयमा अभिमुखीकरण कार्यक्रम र तालिम संचालन गर्ने ।

(ज) बिद्यालयका प्र.अ./शिक्षक आफैं बिद्यालय प्रति जिम्मेवार भई योजना निर्माणमा बढी क्रियाशिल हुनुपर्ने ।

(झ) शैक्षणिक योजनाको कार्यान्वयन गराउदा बढी मात्रामा प्रश्नोत्तर, छलफल, समस्या समाधान जस्ता विधिलाई बढी प्रयोग गर्ने योजनाको निरन्तरता दिनुपर्ने ।

(ञ) बिद्यालयका हरेक गतिविधिमा सरोकारवालाको सहभागिता हुनुपर्ने ।

(ट) बिद्यालयले योजनाको सफल कार्यान्वयनमा अभिभावक, शिक्षक/बिद्यार्थी बिच नियमित भेटघाट/छलफल जस्ता कार्यक्रम समय/समयमा संचालन गर्नुपर्ने ।

(ठ) पाठ्यक्रम अनुसारका योजनाको निर्माण गर्न सन्दर्भ सामाग्रीको अपर्याप्तता देखिएको हुनाले बिद्यालयले त्यसका लागि सरोकारवालाको ध्यानाकर्षण गराउनु पर्ने ।

शोधका सबल पक्षहरु

१. शोध शिर्षक उपयुक्त छनौट भएको साथै समय सापेक्ष भएको ।

२. अनुसन्धान प्राप्त तितो सत्यलाई नलुकाई जस्ताको तस्तै उतारिएको ।

३. सन्दर्भ सामग्रीको पर्याप्त प्रयोग गरिएको ।

४. जनसंख्या र नमुना छनौट उचित भएको ।

५. उद्देश्यहरु उपयुक्त निर्माण गरिएको ।

शोधका सुधारात्मक पक्षहरु

१. तथ्याङ्कको विश्लेषण कम भएको, विश्लेषण बढी भए राम्रो हुने ।

२. तथ्याङ्क र क्षेत्र अनुसार चित्रको प्रयोग धेरै गर्दा उपयुक्त हुने ।

३. अनुसन्धानबाट प्राप्त भएका समस्याहरुलाई पनि बुदागत रुपमा राख्दा प्रभावकारी हुने ।

४. तालिका अझै बढी निर्माण गरि अनुसन्धानबाट प्राप्त तथ्याङ्कको विश्लेषण गर्दा सान्दर्भिक हुने ।

५. भाषागत त्रुटीहरुलाई कम सक्दा उचित हुने ।

(ख) शोध शिर्षक : निरन्तर विद्यार्थी प्रणालीको प्रभावकारीता

शोधकर्ता : दामोदर फुँयाल

शोकवर्ष : २०६५

पेश भएको क्याम्पस : सुकुना बहुमखी क्याम्पस इन्द्रपुर, मोरङ्ग

शिक्षा शास्त्र सङ्काय स्नातकोत्तर तह द्धितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता परिपूर्ति गर्नका लागि इलाम जिल्लाका १० वटा प्रा.तह कक्षा १-३ का सामुदायिक विद्यालयलाई अध्ययनको क्षेत्र वनाइ तयार गरीएको यस शोधकार्य निरन्तर विद्यार्थी मूल्याङ्कन सम्वन्धि वर्तमान अवस्था, परीक्षण कालको प्रभावकारी रुपमा लागु गर्न उपाय सुझाउने उद्देश्यलाई प्रमुख आधार मानी सम्पन्न गरिएको छ ।

यस शोधकार्यमा शोधकर्ता द्धारा परीक्षणका रुपमा लागु गरिएको नि.वि.मू. प्रणालीको प्रभावकारीता पत्ता लगाई त्यसको कार्यान्वयनमा आएका समस्याहरु समाधान गर्नका लागि अनुसन्धानात्मक प्रश्नको सेरोफेरोमा रही अनुसन्धानका उद्देश्यलाई थप स्पष्ट गर्नु भएको छ । नि.वि.मू.ले विद्यार्थीको

यथार्थ मूल्याङ्कनको प्रमुख आधार वनाइएको, खर्चिलो तथा झन्झटिलो रहेको, शिक्षक तालिम अपूर्ण रहेको, शिक्षक दरवन्दी कम भएको, माथिल्लो तहवाट अनुगमन नभएको, परीक्षणकालको अवस्था सन्तोषजनक नरहेको जस्ता समस्या उल्लेख गर्नु भएको छ । नि.वि.मू. प्रभावकारी कार्यान्वयनका लागि केन्द्रिय तह, जिल्ला तह तथा स्थानीय तहलाई नि.वि.मू.का वारेमा आम सहमति जुटाउने, पा.वि.के. ले अझ ठोस पहल गर्नु पर्ने, उचित सहयोग तथा नियमित अनुगमन गर्नु पर्ने, केन्द्र देखि जिल्ला तह सम्मका निकायहरुलाई जिम्वेवारी प्रदान गर्नु पर्ने, सवै प्रकारका शिक्षक तालिममा नि.वि.मू. लाई समावेश गर्ने, पाठ्यक्रम प्रवोधिकरण गर्नु पर्ने, विद्यालयले अनिवार्य रुपमा लागु गर्नु पर्ने जस्ता निष्कर्ष सहितको सुझावहरु यस प्रतिवेदनमा प्रस्तुत गर्नु भएको छ ।

यस सोधकार्यको अध्ययनवाट के प्रष्ट हुन्छ भने निरन्तर विद्यार्थी मूल्याङ्कन विद्यार्थीको यथार्थ मूल्याङ्कनका लागि, विचैमा कक्षा छोड्ने, दोहोऱ्याउने दर कम गर्नका लागि तथा शैक्षिक क्षतिलाई कम गर्नका लागि कार्यान्वयन गरीने मूल्याङ्कन प्रक्रिया हो विद्यार्थी मूल्याङ्कन गर्दा परम्परागत परीक्षा प्रणालीलाई निरुत्साहित गरी निश्चित मापदण्डका आधारमा विद्यार्थीहरुको पठनपाठन संग संगै निरन्तर रुपमा मूल्याङ्कन गरी सिकाइ उपलब्धिमा वृद्धि गर्ने प्रमुख उद्देश्य रहेको छ ।

यसरी शिक्षण सिकाइ प्रक्रियामा क्रमिक सुधार ल्याउनका लागि नि.वि.मू.को प्रभावकारी कार्यान्वययन निरन्तरता दिनु पर्छ  जसका लागि सम्पूर्ण सरोकारवालाहरुको सक्रिय संलग्नता हुनु पर्छ । सम्वन्धित निकायवाट कार्यान्वयन भए नभएको प्रभावकारी अनुगमन तथा समन्वयकारी भूमिका रहनु पर्छ । नि.वि.मू. प्रभावकारी कार्यान्वयनका लागि तालिम, गोष्ठि, सेमिनार, अन्तरक्रिया आदिको आयोजना गरी सम्वन्धित पक्षले आत्मसात गर्नु पर्छ । यस शोधकार्यको अध्ययनवाट विद्यार्थीहरुको यथार्थ मूल्याङ्कन गर्न नि.वि.मू. अनिवार्य रुपमा कार्यान्वयन गर्नु पर्छ । शैक्षिक गुणस्तर, भर्नादर, उपस्थितीदर वढाउन, विचैमा पढाइ छाड्ने, कक्षा दोहोऱ्याउनेदर घटाउन यस शोध पत्रले सहयोग पुग्ने देखिएकोले यो अध्ययनको लागि नि.वि.मू. प्रणालीको प्रभावकारीताको सूचना प्राप्त गर्न सहयोग पुऱ्याएको छ ।

शोधका सबल पक्षहरु

१. प्रभावकारी र समय सापेक्ष शोध शिर्षक छनौट गरिएको ।

२. चित्र, तालिका उचित मात्रामा प्रयोग भएको ।

३. सन्दर्भ सामग्रीको प्रयाप्त अध्ययन गरिएको ।

४. जनसंख्या र नमुना छनौट उचित तरिकाले गरिएको ।

५. उद्देश्यहरु उपयुक्त निर्माण गरिएको ।

शोधका सुधारात्मक पक्षहरु

१. भाषागत शुद्धाशुद्धीको त्रुटीलाई कम गर्न सके राम्रो हुने ।

२. आवरण पृष्ठलाई अझ आर्कषक बनाउँदा उपयुक्त हुने ।

३. अनुसन्धान बाट प्राप्त जानकारीलाई बढी भन्दा बढी बुदागत रुपमा प्रस्तुत गर्दा अझ राम्रो हुने ।

४. शोधमा लेखीएका अक्षरहरु अझ चम्किलो भए अझ राम्रो हुने ।

(ग) विद्या : जर्नल लेख

पत्रिका : शिक्षक मासिक

लेख : बाल मैत्री विद्यालय किन र कसरी

लेखक : श्रीकान्त सापकोटा

वर्ष : २०६९

महिना : असोज

बाल मैत्री विद्यालय किन र कसरी भन्ने शीर्षकमा लेखिएको लेख मा बाल मैत्री विद्यालय भन्नाले बालबालिकाले आफ्नो गति र क्षमता अनुसार रमाइलो सँग सिक्ने वातावरण भएको विद्यालय बाल मैत्री विद्यालय हो । अझ जनसाधारणले बुझ्ने भाषामा बाल मैत्री विद्यालय भन्नाले स्कुल खुल्दा नानि हरुले बेलैमा पढने पुस्तक पाउनु हो, स्कुलमा घाम पानी बाट बच्ने कोठा, बस्ने बेन्च, भोक मेटाउने खाजा, पिउने पानी, दिसापिसव गर्ने चर्पी, सके खेल्ने चौर होस, गुरुगुरुमाले पुरैसमय पढाइ दिउन, बाबु आमाले आफ्ना नानिलाई सधै भरी स्कुल पठाइ दिउन, पढन कोहि नछुटुन, कोही नदोहोरिउन, स्कुलमा कोही कसै द्धारा अपहेलित र दमित हुन नपरोस, स्कुल सबैको साझा फुलबारी होस , फुल्ने फकने अवसर सबैलाई मिलोस भन्ने कुरा लेखमा प्रष्ट पारीएको छ ।

हामीले विद्यालयमा बाल मैत्री सिकाई किन गर्नु पर्दछ भन्ने सन्दर्भमा बालबालीकाले शारीरिक, मानसिक, एवं संवेगात्मक रुपले सुरक्षित तथा स्वस्थ वातावरण पाउदछन , बालबालिकाको रुचि क्षमता र स्तरको कदर हुन्छ, र सोहि अनुसार उनिहरुको सिकाइका लागि आवश्यक वातावरण एवं पठ्यक्रमको व्यवस्था हुन्छ । बालबालिकाको सिकाई उपलब्धिको मूल्याङ्कन गर्ने जिम्मेवारी शिक्षकको हुन्छ । बालबालीकालाई उनीहरुको जात, लिङ्ग, धर्म, आर्थिक स्तर, भाषा, शारीरिक एवं मानसिक दुर्वलताका आधारमा विना भेदभाव विद्यालयमा भर्न गरिन्छ । यस वाहेक विद्यालय भित्र र बाहिर रहेका बालबालिका लाई भेदभाव रहित व्यवहार गरिन्छ । पढाई लेखाइका अतिरिक्त बालबालिकाको स्वस्थ्य एवं सुरक्षामा विशेष ध्यान दिइन्छ । विद्यालयको नीति निर्माण, योजना तर्जुमा, कार्यन्वयन र मूल्याङ्कनमा बालबालिका, अभिभावक र समुदायलाई प्रत्येक्ष सहभागी गराइन्छ । कुनै पनि प्रकारको भौतिक, शारीरिक एवं मानसिक दण्ड, सजाय बर्जित हुन्छ र बालबालिकालाई दुर्व्यवहार र नोक्सानी बाट बचाउने काम निरन्तर रुपमा भई रहेको हुन्छ । त्यसैले हामी शिक्षकहरुले विद्यालयमा बाल मैत्री कक्षा सञ्चालन गर्न सक्यौ भने शैक्षिक उपलब्धि हासिल गर्न कठिन पर्ने छैन । नत्र हाम्रो समय र सीप को कुनै अर्थ रहने छैन ।

समग्रमा भन्दा बाल मैत्री विद्यालयमा विद्यार्थी सहयोगी र व्यावहारीक हुन्छन, क्रियाकलापमा भाग लिन्छन, आत्म सम्मान  र आत्म बल बलियो हुन्छ ,आत्मविस्वासी हुन्छन । शिक्षकहरु विद्यार्थीहरुलाई हेरचाह, माया र आदर, क्षमता र चाहना अनुसार सिकाउन उत्सुक र प्रतिवद्ध हुन्छन । पुरा तयारीका साथ कक्षा कोठामा प्रवेश गर्दछन । विद्यार्थीलाई समान व्यवहार गर्दछन । विद्यार्थीको अगाडी नमुना भएर प्रस्तुत हुन्छन । अभिभावकहरु विद्यालयको बैठकमा भाग लिन्छन, विद्यालयको नीति, योजना र कार्यक्रम तथा कार्यन्वयन अभ्यास बारे राम्रो जानकारी राख्दछन , आफ्नो सामर्थ्य अनुसार विद्यालयलाई सहयोग गर्दछन । विद्यालय प्रति सधै सकारात्मक भावना राख्छन । विद्यालय व्यवस्थापन समितिले विद्यालयमा सहयोगी र मैत्री पुर्ण वातावरण बनाइदिन्छन , नियमित रुपमा अभिभावक सँग सम्पर्क राखि विद्यार्थीको बारेमा जानकारी दिनुका साथै विद्यालयको क्रियाकलापमा अभिभावकलाई सम्लग्न गराउदछन, शिक्षक विद्यार्थी , अभिभावक, व्यवस्थापन समिति आचार संहिता बनाइ लागु गर्दछन । त्यसैले हामी शिक्षकहरुले बाल मैत्रि विद्यालयको निर्माण गरी शिक्षण गर्नु पर्दछ  भन्ने कुरा लेखमा उल्लेख गरीएको छ ।

जर्नल लेखका सबल पक्षहरु

१. लेख अत्यन्तै राम्रो र समयसापेक्ष भएको ।

२. लेखमा भएको कागजको गुणात्मक पक्ष अत्यन्तै राम्रो भएको ।

३. लेख बुदागत रुपमा आकर्षक तरिकाले प्रस्तुत गरिएको ।

४. बालमैत्री विद्यालयमा क-कस्को भुमिका रहेको के रहने ? (विद्यालय, शिक्षक, अभिभावक र विद्यालय व्यवस्थापन) स्पष्ट पारिएको ।

जर्नल लेखका सुधारात्मक पक्षहरु

१. लेखमा विद्यार्थीको भुमिका समेत उल्लेख भएको भए अझ राम्रो हुने ।

२. लेखमा अक्षरहरुको आकार अलिक ठुलो बनाउन सकेको भए उपयुक्त हुने ।

३. लेखमा भएको कागज गुणात्मक भएता पनि अलिक बाक्लो समेत भएको भए राम्रो हुने ।

(घ) पत्रिका : शिक्षक मासिक

लेख : हाम्रो शिक्षा प्रणाली

लेखक : शोभाकान्त झा

वर्ष : २०६९

महिना : असोज

हाम्रो शिक्षा प्रणाली भन्ने शीर्षकमा लेखिएको उक्त लेख , दुई वर्षे योजना छ भने धान लगाउ, दश वर्षे योजना छ भने रुख रोप, सय वर्षे योजना छ भने शिक्षा देऊ । भन्ने चिनियाँ उक्ति बाट सुरु गरिएको यस लेखमा चीनमा नेपाल र भारत सगै राजनितिक परिवर्तन भएको भारतले सन १९४७ मा ब्रिटिस उपनिवेश बाट छुटकारा पाएको थियो भने त्यसको दुई वर्ष पछि चीनमा पनि माओत्सेतुङको नेतृत्वमा साम्यवादी शासन व्यवस्था फेरिएको कुरा उल्लेख गरिएको छ । सन १९५० मा नेपाल पनि जहानिया राणा शासन बाट मुक्त भएको थियो । अचम्मको कुरा यो छ कि त्यतिबेला नेपाल यी दुई छिमेकी देश भन्दा आर्थिक रुपमा सवल थियो । खान लाउन दुख थिएन । बरु चीनमा ह्वाङ हो र याङ टी सिकियाङ नदीले वर्षेनि करोडौ मानिसलाई घरवार विहिन बनाउँ थियो । त्यसले चीनलाई अनिकालको चपेटामा पार्थ्यो । अनिवार्य निशुल्क शिक्षा नीतिले विगत ६३ वर्षमा चीन ठुलो फड्को मार्दै विश्वको दोस्रो अर्थतन्त्र बनिसकेको कुरा हाम्रा राजनेताहरुलाई थाहा भएकै हुनुपर्दछ । हाम्रो देशमा वि.स. २०११, २०१८, २०२८, २०४०, २०४९ र २०५५ लगाएत अनेकानेक शिक्षा आयोग गठन भए तर तिनका सुझाव र सिफारिसहरु पूर्णरुपमा कार्यान्वयन हुन सकेनन् । बरु छिटोछिटो योजना बदल्ने प्रवृतिले शिक्षा प्रणालीलाई पूर्ण रुपेण ध्वस्त, अन्योल र अराजक स्थितिमा पुर्‍याएको छ ।

शिक्षा प्रणालीमा तीन वटा तत्वहरु हुन्छन ती हुन लगानी, प्रकृया र उत्पादन ।यी तीन वटा तत्वहरुको प्रकृया पूराहुनलाई शैक्षिक योजनाहरु उचित ढंगले निर्माण गरी त्यसलाई कार्यन्वयन समेत गर्नु पर्ने हुन्छ ।तर नेपालमा योजनाहरु निर्माण हुने त्यसलाई कार्यन्वयनमा नल्यउने परिपाटीले हाम्रो देशको शिक्षामा देखिएको उत्पादन सन्तोष जनक छैन । यसको मूख्यकारण शिक्षाको नीति, निर्देशिका, निरिक्षण, मूल्याङ्कन र अनुगमन का कमि कमजोरी आदी हुन । नेपालमा भ्रष्टाचार फस्टाई रहेको मूल कारण शिक्षा प्रणाली नै हो । शिक्षकहरु राजनैतिक दलका झोला बोक्ने विभिन्न संघ, संगठन, परिषद, मञ्चमा विभाजित हुने विद्यालय प्रति योगदान नगर्ने । आफ्नो

जिम्मेवारी वहन नगर्ने यी कारण हरुले गर्दा नै विद्यालयको पठन पाठनलाई प्रभावित बनाएको छ । तर नीजि विद्यालयहरुमा भने यस्तो अवस्था रहेको पाइन्दैन । उनीहरुले चर्को शूल्क लिएर भए पनि शिक्षाको नीति निर्देशिका निरिक्षण मूल्याङ्कन , अनुगमन साथै व्यवस्थापन आदिलाई धेरै हद सम्म कार्यन्वयनमा ल्याएको पाइन्छ भन्ने कुरा समेत उल्लेख गरेका छन् ।

सरकारी बजेटको १७ प्रतिशत शिक्षामा खर्च हुदै आएको भएता पनि समुदायिक विद्यायलहरुमा शैक्षिक उपलब्धी भने खासै राम्रो देखिन्दैन । यसको प्रमूख कारण पनि नीति नियम विनियम उचित तरिकाले लागुहुन नसक्नु नै हो । अर्को तर्फ देश राजनैतिक संक्रमणकालबाट गुज्रिरहेको विद्यमान अवस्थामा त्यसको प्रभाव शिक्षामा पनि परेको छ । संक्रमण सँगै शिक्षा प्रणाली पनि अन्योल र अराजक परिस्थिति मा पुगेको छ । शिक्षा प्रणाली लाई बेलैमा सुधार नगर्ने हो भने हाम्रो शिक्षाले २१ औं शताब्दीको माग र आवश्यकतालाई पुरा गर्न सक्दैन । परिणमतः नेपाल विश्व बाट अलग भई पिछडीएका राष्ट्रहरुमा पनि सबै भन्दा तल्लो स्तरमा पुग्ने कुरा लेखमा उल्लेख गरीएको छ ।

### जर्नल लेखका सबल पक्षहरु

१. लेखको शिर्षक उपयुक्त छनौट गरिएको ।

२. लेखमा भएको कागजको गुणात्मक पक्ष अत्यन्तै सकारात्मक भएको ।

३. लेख मेरो शोध शिर्षक सँग मिल्दो जुल्दो भएको ।

४. लेखले शिक्षा क्षेत्रमा भएको तितो सत्यलाई औंल्याईदिएको ।

### जर्नल लेखका सुधारात्मक पक्षहरु

१. लेखमा भएका अक्षरहरुको आकार अलि ठुलो भए जो कोहीलाई पढ्न सजिलो हुने ।

२. लेखमा भएको कागज गुणात्मक भएता पनि अलि बाक्लो हुँदा झन राम्रो हुने ।

## २.२ सैद्धान्तिक संरचना

कुनै पनि कार्यलाई सुचारु रुपले संचालन गर्न, आवश्यकता अनुसार सहयोग पुऱ्याउने नीति, नियम, विचार, विमर्श र धारणा आदिको संगालोलाई सिद्धान्त भनिन्छ । सिद्धान्त निर्माण गर्न वैज्ञानिक पद्धतिको अनुसरण गरिएको हुन्छ । सिद्धान्त मानवीय कल्पनाको स्रोत पनि हो, जसलाई तार्किक रुपले अनुभवको आधारमा केही नीति नियमहरुको पालना गरी निर्माण गरिएको हुन्छ । त्यसैले यस अध्ययन कार्यलाई निम्नानुसारका सिद्धान्तको अधिनमा राखी अगाडि बढाइएको छ :

Frederick Winslow Taylor (१९५६ - १९१७) ले वैज्ञानिक व्यवस्थापनको सिद्धान्त प्रतिपादन गर्दै मानिसलाई कुन काम गराउन खोजिएको छ र कुन काम गर्न दिएमा उनीहरुले राम्रो र किफायति तरिकाले सम्पन्न गर्न सक्छन भन्ने कुराको सही ढंगले जान्ने कलाको रुपमा व्याख्या गरेका हुन् । उनको प्रमुख मान्यता उत्पादकत्व क्षमता बढाउनु भनेको न्यूनतम लागतमा अधिकतम नाफा आर्जन गर्न मात्र होइन कामदारलाई उत्पादन क्षमताका आधारमा पारिश्रमिक समेत बृद्धि गर्नु हो । कामदारको मनोबल उच्च राख्न उनीहरुलाई लाभांशको भागिदार समेत बनाउनु पर्दछ (Koontz & O' Donnel, 1976) . उत्पादनमा कमी आउने कारणमा व्यवस्थापनमा हुने लापरबाही र कामदारलाई बेवास्ता (Ignore) गर्न पनि हो । कठोर व्यवस्था भन्दा वैज्ञानिक व्यवस्थापनले मानवीय शक्ति र प्रयासको अधिक मात्रामा उपयोग गरी उत्पादकत्व वृद्धि गर्न सकिन्छ । कामदारलाई पुरस्कारको व्यवस्था, कामदारका कमी कमजोरी हटाउन उपयुक्त तालिमको व्यवस्था, कामदार र मालिकका बीचमा मैत्रीपूर्ण सम्बन्ध जस्ता कार्यहरुको विकास उनका महत्वपूर्ण योगदान भित्र पर्दछन् ।

विद्यालयको भौतिक व्यवस्थापन, शिक्षण प्रभाकारिता, शैक्षिक गुणस्तर बृद्धि र योजना निर्माणका लागि विद्यालयको भौतिक व्यवस्थापन, शिक्षण प्रभावकारिता, शैक्षिक गुणस्तर बृद्धि र योजना निर्माणका लागि यस सिद्धान्तको उपयोग हुन सक्छ । विद्यालयको योजना निर्माणका लागि कसले के के गर्ने कसरी गराउने, लक्ष्य  र उद्देश्य प्राप्तिमा कसलाई कसरी परिचालन गर्ने कसलाई कुन कामको जिम्मेवारी दिने भन्ने कुराको जोड यस सिद्धान्तले दिन्छ । Taylor (1911) को यस सिद्धान्तले विद्यालयमा उपलब्ध स्रोत र मानव संसाधनलाई अधिकतम उपयोग हुने गरी प्रयोग गर्न सकिन्छ । विद्यालयको प्रधानाध्यापक, शिक्षक, शिक्षिका, विद्यालय व्यवस्थापन समिति, अभिभावक,

समुदायलाई आ-आफ्नो जिम्मेवारी वहन गर्ने र विद्यालयका हरेक क्रियाकलापमा सम्पूर्ण पक्षलाई उत्तरदायी बनाउन यस सिद्धान्तलाई महत्वपूर्ण रुपमा लिन सकिन्छ। यस प्रकार वैज्ञानिक व्यवस्थापन सिद्धान्तले विद्यालयको शैक्षिक क्रियाकलापलाई सुनिश्चित गर्न, संगठित गर्न र प्रभावकारी बनाउन प्रत्यक्ष रुपमा सहयोग पुऱ्याउछ। यसैगर वैज्ञानिक व्यवस्थापनको सिद्धान्तको प्रयोग शिक्षा क्षेत्रमा निम्नानुसार हुदै आएको कुरा उल्लेख छन् :

(क) शैक्षिक योजना निर्माण गरी योजना अनुसारका मानवीय, भौतिक स्रोत साधनहरुको परिचालन गरी शिक्षाका उद्देश्यहरु पूरा गर्ने, गराउने कार्यको थालनी भएको।

(ख) प्रत्येक शिक्षक, कर्मचारीका कामहरुको विश्लेषण (Job Analysis) गर्ने र यस्तो कार्य विश्लेषणको विस्तृत रुपमा पाठ्यक्रम निर्माण समयमा निश्चित गरी पाठ्यक्रममा समावेश गरिन थालेको।

(ग) विद्यार्थीका उपलब्धीहरुको मापनका लागि मूल्यांकनका विविध प्रविधि/प्रक्रियाहरुको विकास गरेको।

(घ) शिक्षा प्रशासनमा रेखा कर्मचारी पद्धतिको संगठनात्मक प्रक्रियाको थालनी भएको।

(ङ) शिक्षकहरुको शिक्षण दक्षता र कार्यदक्षताहरुको अभिवृद्धिका लागि तालिमको व्यवस्था गरेको।

## Henry fayol (poccc) :

त्यसैले यस शोध अनुसन्धानलाई पूरा गर्नको लागि हेनरी फेयोल ले (Henry fayol) ले प्रतिपादन गरेको poccc सिद्धान्तलाई सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको घट्दो संख्याको विष्लेषण गर्न प्रयोग गरिएको छ। fayol ले मुख्यतया poccc लाई निम्न अनुसार उल्लेख गरेका छन् :

क) Planning :

योजना बनाउनु व्यवस्थापनको प्रमुख कार्य हो। जसले भविष्यमा उद्देश्य प्राप्त गर्नका लागि कुन बाटो तय गर्ने भन्ने बारे अग्रिम दिशाबोध गराउँदछ। संगठनको लक्ष्य कामको निर्धारण, स्रोत साधनको परिचालन, नीति, नियम, बजेटको निर्माण तथा निर्धारण र तर्जुमा आदिका लागि व्यवस्थापकले योजना बनाउनु पर्दछ।

ख) Organization

समान उद्देश्य प्राप्तिका लागि मानिसलाई एक ठाउँमा ल्याउन र एकै सूत्रमा बाँड्न जरुरी छ। संगठनात्मक संरचना, कामको बाँडफाँड र योजनालाई मूर्तरुप दिन संगठन आवश्यक छ।

विभिन्न क्रियाकलाप विभिन्न श्रेणीमा विभाजन गरी उत्तरदायित्व तथा अधिकार निर्धारण गर्न संगठन आवश्यक छ ।

ग) Command

प्रमुख व्यवस्थापकले अधिनस्थ कर्मचारी तथा व्यवस्थापकलाई कार्य गर्नुका लागि Command गर्नु पर्दछ । संचार उत्प्रेरणा, नेतृत्व, निरीक्षण आदि तत्वहरु यसमा सम्मिलित हुन्छन् । कार्यलाई समन्वयात्मक ढगले अघि बढाउन, स्रोत साधनको उपयुक्त परिचालन गर्न Command आवश्यक पर्दछ ।

घ) Co-ordination

साझा उद्देश्य हासिल गर्नलाई संस्थाभित्र सम्पूर्ण कार्यलाई तालमेल र सामान्जस्यता कायम गरी उसको कार्य सुविधाजनक ढंगबाट संचालन गर्नु नै सम्भाव्य हो । त्यसैले कुनै पनि संगठनमा आपसमा सबैको पारस्परिक सम्बन्ध हुन आवश्यक छ ।

ङ) Control

संस्थाभित्र विभिन्न क्रियाकलाप उचित तरिकाबाट संचालन भए नभएको कुरालाई रेखदेख गर्ने प्रणाली control हो । कार्यलाई उद्देश्यबाट विचलित हुन नदिन तथा सुधारात्मक प्रक्रिया अनुशरण गर्न control गर्ने गर्नुपर्दछ ।

फेयोलको सिद्धान्तले भने जस्तै यो शोध अनुसन्धान एकातिर उद्देश्यलाई पुरा गर्न सहयोगी छ भने अर्कोतिर अनुसन्धानबाट निकालिएका निष्कर्ष अनुरुप प्रभावकारी रुपले समस्या समाधानका लागि समेत उपयोगी हुने प्रष्ट देखिन्छ । त्यसैले Fayol को poccc सिद्धान्त यो शोध अनुसन्धानको सैद्धान्तिक संरचना भित्र सहयोगीको रुपमा उपयोगी हुने प्रष्ट देखिन्छ ।

मास्लो ( १९४३) - का अनुसार मानवीय आवश्यकताहरु विभिन्न प्रकारका हुन्छन् । मानिसका आफ्ना आवश्यकता पूरा गर्न प्रयत्नशील रहन्छ जव उसको एक तहका आवश्यकता पूरा हुन्छ, उ निकै उत्प्रेरित भएर अर्को आवश्यकता पूरा गर्न तल्लिन हुन्छ अर्थात उसमा एक आवश्यकता पूरा हुने वित्तीकै अर्को आवश्यकता पूरा गर्न उसमा उत्प्रेरणा जाग्छ मानिसको आधारभूत तहको आवश्यकता पूरा गरेर मात्र अर्को माथिल्लो तहको आवश्यकता पूरा गर्न चाहान्छ । यो आवश्यकताको सृंखलाको सिद्धान्त हो । यसको मूख्य भाव भनेको आफ्नो आवश्यकता परिपूर्ति भए

पछि उसलाई सन्तुष्टि प्राप्त हुन्छ र उसमा उत्प्रेरणा जागेर आउँछ। मानिसका आवश्यकता अनन्त हुन्छन् एक आवश्यकताको परिपूर्ति हुने वित्तिकै अर्को आवश्यकताको जन्म हुन्छ र त्यस आवश्यकताहरुलाई पनि पूरा गर्न उत्प्रेरणा जाग्छ। यसरी व्यक्तिका आवश्यकताहरु एक पछि अर्को हुदै वढ्दै जान्छन्। आवश्यकताहरु संृखलावद्ध रुपमा वृद्धि हुदै जान्छन्।

मास्लोको धारणा अनुसार हरेक व्यक्तिका आवश्यकतालाई ५ भागमा विभाजन गर्न सकिन्छः

(क) शारीरिक आवश्यकता

(ख) सुरक्षा आवश्यकता

(ग) सामाजिक आवश्यकता

(घ) सम्मानपूर्ण आवश्यकता

(ङ) आत्म यथार्थीकरणको आवश्यकता

शिक्षा निरन्तर चलिरहने प्रक्रिया भएकोले व्यक्तिमा पनि अनन्त शैक्षिक आवश्यकता हुन्छन्। व्यक्तिको एउटा शैक्षिक आवश्यकता पूरा हुने वित्तिकै अर्को आवश्यकताको जन्म भै सो पनि प्राप्ति भएपछि विद्यार्थीमा उत्प्रेरणा जागेर शैक्षिक प्रगति हुनजान्छ। त्यसैले हामीले पनि शैक्षणीक योजनाको निर्माण गर्दा विद्यार्थीहरुको आवश्यकता, रुचि, पुर्व ज्ञान आदीलाई ध्यान दिइएर योजना निर्माण गर्नु पर्दछ। यसो गरिएमा विद्यार्थीहरुका आवश्यकताहरु कमिक रुपमा पुरा हुदै जाने भएकोले मास्लो यस सिद्धान्तलाई यस अध्ययनको प्रमुख आधार मानिएको छ।

## २.३ अनुसन्धानमा पुनरावलोकनको प्रयोग

विभिन्न शोधपत्र, लेख, रचना, पुस्तक तथा यस संग संवन्धित साहित्यहरुको अध्ययन र विश्लेषण गर्दा सवैबाट यस शोधकर्तालाई शैक्षणिक योजनाको निर्माण र प्रयोगको अवस्था सम्वन्धि विभिन्न विद्धानका विचार, धारणा , चिन्तनहरु नजिकवाट अध्ययन अवलोकन गर्ने अवसर प्राप्त भएको छ । यसवाट यस विषयमा अध्ययन गर्नका लागि विषयवस्तुको गहिराई सम्म पुग्न मद्दत पुगेको छ । यी सामग्रीहरुको अध्ययनवाट शोधकार्य गर्न मार्गनिर्देश प्राप्त भएकोले अनुसन्धान विश्वसनीय, यथार्थ र प्रभावकारी हुनमा मद्दत पुगेको छ ।

यस अध्ययनबाट प्राप्त निष्कर्ष, प्राप्ति र सैद्धान्तिक अवस्थालाई सरकारी अनुदान प्राप्त गरी संचालनमा रहेका सामुदायिक विद्यालयको शैक्षणिक योजना निर्माण, कार्यान्वयनमा सुधार ल्याउन उपयोग गर्न सकिन्छ । खास गरी विद्यालयले योजना निर्माण गर्दा कुन कुन विषय वस्तु, शिक्षण सामाग्री, विधि, क्रियाकलाप, मूल्यांकन जस्ता विषयलाई कसरी समेटने, सरोकारवालाको सहभागिता गराउन के गर्नु पर्ने जस्ता अवधारणामा यो सैद्धान्तिक धारणाले सघाउ पुग्ने आशा गरिएको छ । साथै यस पूनरावलोकनबाट अध्ययनको लागि सैद्धान्तिक खाका खिच्ने तदनुसार अध्ययनलाई निर्दिष्ट रुपमा डोऱ्याउने कार्यमा प्रत्यक्ष सहयोग पुगेको छ ।

# परिच्छेद तीन :
# अध्ययनको ढाँचा

## ३.१ अनुसन्धान ढाँचा

कुनै पनि अनुसन्धान सफल हुनका लागी अनुसन्धानका ढाँचाहरु (गुणात्मक, परिणात्मक र मिश्रित) प्रयोग गर्नुपर्ने हुन्छ । गुणात्मक अनुसन्धान ढाँचाले भाषागत पुष्टि गर्दै सरोकारवालाको चित्त बुझाउने काम गर्छ भने परिणात्मक ढाँचाले गणितिय तथ्यको आधारमा प्रमाणित गर्दै सबैलाई मान्य हुने निष्कर्ष निकाल्छ । त्यस्तै गरेर मिश्रित ढाँचाले यी दुवै खाले प्रक्रियालाई अवलम्वन गरी निष्कर्ष निकाल्न सहयोग गर्छ ।

यो अध्यनमा सरकारी अनुदान प्राप्त सामुदायिक विद्यालयको शैक्षणिक योजना संग सम्बन्धित विभिन्न पक्षहरुको वर्तमान अवस्था वारे जानकारी लिई मिश्रित अनुसन्धानको ढाँचामा आधारित रहि पुरा गरिएको छ ।

## ३.२ जनसंख्या र नमूना

क) जनसंख्या

यो अध्ययनकालागि संखुवासभा जिल्ला अन्तर्गतको स्रोतकेन्द्र भित्र संञ्चालित २५ वटा सरकारी अनुदान प्राप्त सामुदायिक विद्यालयका प्र.अ. शिक्षक, वि.ब्य.स. अभिभावक संघ र अन्य सरोकारवाला लाई जनसंख्याको रुपमा लिईएको छ ।

ख) नमूना

यस अध्ययन कार्यलाई ब्यवस्थित गर्न चन्दनपुर श्रोत केन्द्र भित्रका सामुदायिक विद्यालयहरु तथा अन्य सरोकारवालाहरुलाई निम्नानुसारको छनौट गरि नमुनाको रुपमा लिएको छ ।

उद्देश्यमुलक छनौट विधि :

१. संखुवासभा जिल्लाको चन्दनपुर स्रोतकेन्द्र,

२. उक्त स्रोतकेन्द्रका स्रोत व्यक्ति,

३. प्रत्येक विद्यालयका प्र.अ.हरु,

सम्भावनायुक्त नमुना छनौट विधि :

(१) त्यस भित्रका पाँच वटा समुदायिक विद्यालयहरु,

(२) प्रत्येक विद्यालयका चार/चार जना शिक्षकहरु,

(३) प्रत्येक विद्यालयका दुई/दुई जना वि.ब्य.स पदाधिकारीहरु,

(४) प्रत्येक विद्यालयका पाँच/पाँच जना विद्यार्थीहरु ।

साथै नमुनाका रुपमा लिइएका विद्यालय र अन्य सरोकारवालाहरुको विवरण निम्नानुसार तालिकामा देखाइएको छ :

तालिका एक :

नमूना छनौटमा परेका बिद्यालय तथा सरोकारवाला

| विद्यालय / सरोकारवाला | श्री जनता उमावि | श्री सरस्वती प्रावि | श्री हिमालय मावि | श्री बालचेतना प्रावि | श्री मंगलादेवि निमावि |
|---|---|---|---|---|---|
| प्र.अ. | १ | १ | १ | १ | १ |
| शिक्षक | ४ | ४ | ४ | ४ | ४ |
| बि.व्य.स. पदाधिकारी | २ | २ | २ | २ | २ |
| बिद्यार्थी | ५ | ५ | ५ | ५ | ५ |
| स्रोत व्यक्ति | १ | | | | |

स्रोत : उद्देश्यमुलक नमूना छनौट र सामान्य सम्भावनायुक्त नमूना छनौट विधि

## ३.३ तथ्याङ्क संकलनका साधन

अनुसन्धान कार्यलाई पुरा गर्न तथा पूर्वनिर्धारित उद्देश्यहरु प्राप्तिका लागि निम्न वमोजिमका तथ्याङ्क संकलनका साधनहरु प्रयोग गर्ने अठोट लिएको छु :

(क) प्रश्नावली, (ख) अन्तर्वाता सूची,

(ग) सर्वेक्षण फारम, (घ) अभिलेख अध्ययन आदि ।

## ३.४ तथ्याङ्कका स्रोतहरु

यस अध्ययन कार्यलाई पुरा गर्न आवश्यक पर्ने तथ्याङ्कका स्रोतहरु निम्नानुसार रहेका छन्-

(क) प्राथमिक स्रोत

प्राथमिक स्रोत अन्तर्गत अनुसन्धानकर्ता वा अध्ययनकर्ताले सम्बन्धित सरोकारवालाहरुसँग प्रत्यक्ष भेटघाट, सम्पर्क र अवलोकन गरी आवश्यक तथ्यांक साथै सुचनाहरु प्राप्त गर्दछ । यो अध्ययनकार्यलाई पूर्णता प्रदान गर्नका लागि निम्नानुसारका प्राथमिक स्रोतहरुको प्रयोग गरिएको छ :

(i) प्रश्नावली

(ii) अन्तर्वाता

(iii) अवलोकनको प्रयोगबाट प्राप्त सूचनाहरु ।

(ख) द्धितीय स्रोत

द्धितीय स्रोत अन्तर्गत अध्ययनकर्ताले अनुसन्धानका क्रममा प्रत्यक्ष भेटघाट वा सम्पर्क नगरीकन आवश्यक तथ्यांक वा सुचनाहरु प्राप्त गर्दछ । यो अध्ययनकार्यलाई पुरा गर्न निम्नानुसारका द्धितीय स्रोतहरुको प्रयोग गरिएको छ ।

(i) समुदायिक विद्यालयहरुमा रहेका अभिलेखहरु

(ii) पत्र-पत्रिका

(iii) Web Site आदि ।

## ३.५ तथ्याङ्क संकलन प्रकृया

यो विषयलाई गहन अध्ययन गर्न विभिन्न खालका तथ्याङ्कहरुको स्रोत आवश्यकता पर्छ । यस अध्ययनका क्रममा प्राथमिक तथ्याङ्कको स्रोत र सहायक तथ्याङ्कको स्रोतहरु प्रयोग गरिएकोछ वा प्राथमिक र सहायक दुवै खालका स्रोतहरुवाट तथ्याङ्क सङ्कलन गरिएकोछ । नमुना छनोटमा पर्नु भएका उत्तरदाताहरुको सहमतिको आधारमा प्रश्नावली, अन्तरवार्ता, अभिलेख अध्ययन तथा विद्यालय अवलोकनको मिति तयार गरियो । प्रश्नावली अनुसन्धानकर्ताको उपस्थितिमा उत्तरदाता आफैंले भर्नुभएको थियो । अन्तरवार्ता
असंरचित प्रश्नावलीको आधारमा अध्येता स्वयंले उत्तरदाताको उत्तरलाई अभिलेखीकरण

गरीएको थियो । विद्यालयको अभिलेखको अध्ययनको क्रममा वि.व्य.स. को वैठकका मुख्य निर्णयहरु, वार्षिक योजना, विद्यालय सुधार योजना, परीक्षा नतिजा फारम, अनुसन्धानसंग सम्बन्धीत पक्षहरुको टिपोट गरिएको थियो । विद्यालय अवलोकन गर्दा देखिए/भेटिएका मुख्य मुख्य गतिविधि तथा अवस्थाहरुको पनि टिपोट गरिएको थियो ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रकृया

यो अध्ययन पुरा गर्नको लागि निम्नानुसारका तथ्याङ्क विश्लेषण प्रकृया अपनाईने छ :

(क) चार्ट

(ख) तालिकीकरण

(ग) स्तम्भ लेखाचित्र

(घ) बृत्तचित्र

(ङ) प्रतिशत

(च) अनुपात

# परिच्छेद चार :

# नतिजा विश्लेषण

यस अध्यायमा नतिजाको विश्लेषण र प्रस्तुति उद्देश्य अनुसार क्रमश: उपर्यूक्त शिर्षकको चयन गरी शैक्षणिक योजना निर्माण र प्रयोगको वर्तमान स्थितिलाई देहाय अनुसार रही विश्लेषण गरिएको छः

## ४.१. तहगत रुपमा शैक्षणिक योजना निर्माणको अवस्था


शैक्षणिक योजना भन्नाले तोकिएको पाठ्यक्रमलाई शिक्षण सिकाई क्रियाकलापद्वारा बिद्यार्थी समक्ष पुऱ्याउने वा हासिल गराउने योजना भन्ने बुझिन्छ । शिक्षण सिकाई कार्यलाई प्रभावकारी र उद्देश्यमूलक बनाउन शैक्षणिक योजना अति आवश्यक मानिन्छ । शैक्षणिक योजनाको निर्माणले कक्षा शिक्षणको वातावरणलाई सही मार्गनिर्देशन गर्छ । यसको अभावमा कक्षा शिक्षणको सफलतालाई आशा गर्न सकिदैन । तसर्थ यस अध्ययन क्षेत्रमा लिएको शैक्षणिक योजना निर्माण यस्तो अवस्था देखिएको छ ।

तालिका दुई :

वार्षिक कार्ययोजना निर्माणको अवस्था

| विवरण | प्रावि तह | | निमावि तह | | मावि तह | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| प्रत्येक वर्ष निर्माण गर्ने | ६ | ८६ | ६ | १०० | ७ | १०० | १९ | ९५ |
| प्रत्येक वर्ष निर्माण नगर्ने | ० | ० | ० | ० | ० | ० | ० | ० |
| कुनैकुनै वर्ष निर्माण गर्ने | १ | १४ | ० | ० | ० | ० | १ | ५ |
| जम्मा | ७ | १०० | ६ | १०० | ७ | १०० | २० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण




माथिको तालिकालाई विश्लेषण गर्दा शैक्षणिक योजनाहरु निर्माण गर्ने क्रममा बार्षिक कार्ययोजना पनि एउटा महत्वपुर्ण योजना भएकोले उक्त अध्ययन क्षेत्रमा रहेका सामुदायिक विद्यालयहरुमा प्राथमिक तहमा उक्त योजना प्रत्येक वर्ष निर्माण गर्ने ८६% ,कुनै कुनै वर्ष निर्माण गर्ने १४ % रहेको पाइयो, त्यस्तै गरी नि.मा.वि. र मा.वि तहमा प्रत्येक वर्ष निर्माण गर्ने शिक्षकहरुको संख्या १०० प्रतिशत देखिन्छ । समग्रमा भन्नु पर्दा सामुदायिक विद्यालयका अधिकाम्स शिक्षकहरुले वार्षिक कार्ययोजना निर्माण र प्रयोग गरेको पाईन्छ ।

तालिका नं. तीन :

वार्षिक कार्यतालिका निर्माणको अवस्था

| विद्यालयको नाम | छ | छैन | कैफियत |
|---|---|---|---|
| श्री जनता उमावि चन्दनपुर | छ | ० | श्रोत केन्द्र स्तरिय रुपमा निर्माण गरि प्रयोग गरिन्छ । |
| श्री सरस्वती प्रावि हेलुवा | छ | ० | |
| श्री हिमालय मावि आंला | छ | ० | |
| श्री बालचेतना प्रावि नागेश्वरी | छ | ० | |
| श्री मंगलादेवि  निमावि हेलुवाबेंसी | छ | ० | |

स्रोत : स्थलगत सर्वेक्षण


माथिको तालिका नं. ३ लाई विश्लेषण गर्दा यस स्रोत केन्द्र भित्रका सम्पुर्ण विद्यालयहरुमा वार्षिक कार्यतालिका स्रोत केन्द्र स्तरिय रुपमा निर्माण गरी प्रयोगमा ल्याएको पाईयो साथै संखुवासभा जिल्लाका सामुदायिक विद्यालयहरु मध्यै सबै भन्दा पहिले बार्षिक कार्यतालिका निर्माण गरी श्रोत केन्द्र स्तरिय रुपमा निर्माण गरी प्रयोगमा ल्याउने पनि उक्त श्रोत केन्द्र (चन्दनपुर) रहेको पाइयो । उक्त कार्यलाई सराहनिय कार्य भन्न सकिन्छ ।

तालिका नं. चार :

एकाई योजना निर्माणको अवस्था

| विवरण | प्रावि तह | | निमावि तह | | मावि तह | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| प्रत्येक वर्ष निर्माण गर्ने | ३ | ४३ | ३ | ५० | ४ | ५७ | १० | ५० |
| प्रत्येक वर्ष निर्माण नगर्ने | ० | ० | ० | ० | ० | ० | ० | ० |
| कुनैकुनै वर्ष निर्माण गर्ने | ४ | ५७ | ३ | ५० | ३ | ४३ | १० | ५० |
| जम्मा | ७ | १०० | ६ | १०० | ७ | १०० | २० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण




तालिका नं ४ लाई विश्लेषण गर्दा  उक्त अध्ययन क्षेत्रमा रहेका पाँच बटा सामुदायिक बिद्यालयहरुका  प्राथमिक तहका शिक्षकहरुमा ४३% ले प्रत्येक वष एकाई योजना निर्माण गरी शिक्षण गरेको  र ५७% शिक्षकहरुले कुनै कुनै वर्ष मात्र एकाई योजना निर्माण गरेको पाइयो । त्यस्तै गरेर नि मा वि र मा वि तहका ५०% शिक्षकहरुले प्रत्येक वर्ष एकाई योजना  निर्माण र प्रयोग गरेको पाईयो भने  ५०% शिक्षकहरुले कुनै कुनै वर्ष मात्र एकाई योजना निर्माण र प्रयोग गरी शिक्षण गरेको पाईयो तीन वटै तहमा हेर्दा खेरी ५०% शिक्षकहरुले कुनै कुनै वर्ष मात्र एकाइ योजना निर्माण गरेको र ५०% शिक्षकहरुले एकाई योजना निर्माण प्रत्येक वर्ष नगरी शिक्षण गरेको पाइयो । समग्रमा भन्नु पर्दा  यि सामुदायिक विद्यालयहरुमा एकाई योजना पूर्णरुपमा निर्माणर त्यसलाई कार्यन्वयन गरको पाइदैन ।


तालिका नं. पाँच :

दैनिक पाठ योजना निर्माणको अवस्था

| विवरण | प्रावि तह | | निमावि तह | | मावि तह | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| सधै निर्माण गर्ने | ० | ० | ० | ० | ० | ० | ० | ० |
| कहिलेकाहि निर्माण गर्ने | २ | २८ | १ | १७ | १ | १४ | ४ | २० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कहिल्यै निर्माण नगर्ने | ० | ० | १ | १७ | ० | ० | १ | ५ |
| मानसिक रुपमा मात्र तयार गर्ने | ५ | ७२ | ४ | ६६ | ६ | ८६ | १५ | ७५ |
| जम्मा | ७ | १०० | ६ | १०० | ७ | १०० | २० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण




तालिका नं ५ लाई विश्लेषण गर्दा उक्त अध्ययनम क्षेत्रमा रहेका विद्यालयहरुमा प्राथमिक तह,निम्नमाध्यमिक तह र माध्यमिक तहमा पुर्ण रुपमा दैनिक पाठयोजना निर्माण गरी शिक्षण गरेको पाईदैन यसमा प्राथमिक तहमा २८% शिक्षकहरुले कहिलेकाही दैनिक पाठयोजना निर्माण गरी शिक्षण गरेको पाईयो भने ७२%शिक्षकहरुले मानसिक रुपमा मात्र दैनिक पाठयोना निर्माण गरी शिक्षण गरेको  पाईयो । त्यस्तै गरी निमा तहमा १७% शिक्षकहरुले कहिलेकाही मात्र दैनिक पाठयोजना निर्माण गरी शिक्षण गरेको पाइयो भने ८३% शिक्षकहरुले मानसिक रुपमा मात्र दैनिक पाठयोजना निर्माण गरी शिक्षण गरको पाइयो त्यस्तै गरी माध्यमिक तहका शिक्षकहरुमा १४% शिक्षकहरुले कहिलेकाही मात्र दैनिक पाठयोजना निर्माण गरी शिक्षण गरको पाइयो भने ८६% शिक्षकहरुले दैनिक पाठयोजना मानसिक रुपमा मात्र तयार गरी शिक्षण गरको पाइयो । तिनवटै तहको एकमुष्ट विश्लेषण गदाए दैनिक पाठयोजना निर्माण गरी शिक्षण गर्ने शिक्षकहरु कोही पनि

देखिदैन कहिले काही निर्माण गर्ने शिक्षकहरुको संख्या २०% देखियो र मानसिक रुमा तयार गरी शिक्षण गर्नेको संख्या ७५% रहेको पाइयो । समग्रमा भन्नु पर्दा उक्त सामुदायिक विद्यालयहरुका शिक्षकहरुले दैनिक पाठयोजना निर्माण गरी शिक्षण गरको पाईदैन ।

## ४.२ तहगत रुपमा शैक्षणिक योजना प्रयोगको अवस्था

कुनैपनि वस्तुलाई निर्माण गरेर प्रयोगमा ल्याउनु अति आवश्यक कुरा हो, त्यसैले शैक्षणिक योजनाहरु  निर्माण भएर प्रयोगमा नल्याउँदा त्यो निर्माण भएको योजनाको कुनै महत्व रहदैन । ति सामुदायिक विद्यालयहरुमा शैक्षणिक योजना प्रयोगको अवस्था निम्नानुसार देखियो :


### ४.२.१ शैक्षणिक योजना कार्यान्वयनको अवस्था

तालिका नं छ :

शैक्षणिक योजना कार्यन्वयनको अवस्था

| विवरण | प्रावि तह | | निमावि तह | | मावि तह | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ल्याउछु | ४ | ५७ | ३ | ५१ | ४ | ५७ | ११ | ५५ |
| ल्याउदिन | ० | ० | ० | ० | ० | ० | ० | ० |
| काहिलेकाही ल्याउछु | १ | १४ | १ | १६ | १ | १४ | ३ | १५ |
| धेरै जसो ल्याउछु | २ | २९ | २ | ३३ | २ | २९ | ६ | ३० |
| जम्मा | ७ | १०० | ६ | १०० | ७ | १०० | २० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण



माथिको तालिका नं. ७ अनुसार उक्त अध्ययन क्षेत्रका रहेका सामुदायिक विद्यालयहरुका शैक्षणिक योजनाहरु कार्यन्वयनको सन्दर्भमा हेर्दा प्राथमिक तहमा ५७% शिक्षकहरुले उक्त योजनालाई पूर्ण रुपमा कार्यन्वयन गरको पाइयो । र १४% शिक्षकहरुले कहिलेकाही मात्र कार्यन्वयनमा ल्याएको पाइयो । साथै २९% शिक्षकहरुले धेरै जसो कार्यन्वयनमा ल्याएको पाइयो । निम्न माध्यमिक तहका हेर्दा ५१% शिक्षकहरुले उक्त योजनालाइ पूर्ण रुपमा कार्यन्वयनमा ल्याएको पाइयो, १६% शिक्षकहरुले कहिलेकाही मात्र कार्यन्वयन ल्याएको पाइयो त्यस्तै गरी ३३% शिक्षकहरुले धेरै जसो कार्यन्वयनमा ल्याएको पाइयो । माध्यमिक तहमा अध्ययन गर्दा ५७ %शिक्षकहरुले पूर्ण रुपमा कार्यन्वयन गरको १४% शिक्षकहरुले कहिलेकाही मात्र कार्यन्वयनमा ल्याएको र २९% शिक्षकहरुले धेरै जसो उक्त योजनालाई कार्यन्वयनमा ल्याएको देखिन्छ । तिन वटै तहलाई विश्लेषण गर्ने हो भने शैक्षणिक योजना पूर्ण कार्यन्वयन गर्ने शिक्षकहरु ५५%, कहिलेकाही कार्यन्वयनमा ल्याउने शिक्षकहरु १५% र धेरै जसो कार्यन्वयनमा ल्याउने शिक्षकहरु ३०% रहेको पाइयो । यसबाट के स्पष्ट हुन्छ भने उक्त सामुदायिक विद्यालयका शिक्षकहरुले पूर्ण रुपमा शैक्षणिक योजनालाई कार्यन्वयनमा ल्याएको पाईदैन ।

## ४.३ तहगत रुपमा शैक्षणिक योजना निर्माणमा देखिएका समस्याहरुको अवस्था

जुनसुकै योजनाहरु निर्माण हुँदा कुनै कुनै समस्याहरुले ति योजनाहरुलाई प्रभाव पारेको पाइन्छ । उक्त सामुदायिक विद्यालयहरुमा शैक्षणिक योजना निर्माणमा देखिएका समस्याहरुको अवस्था तलको तालिकामा प्रष्ट पारिएको छ :


## ४.३.१ शैक्षणिक योजना निर्माणमा देखिएका समस्याको अवस्था

तालिका नं. सात :

शैक्षणिक योजना निर्माणमा देखिएका समस्याको अवस्था

| विवरण | प्रावि तह | | निमावि तह | | मावि तह | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| समयको अभाव | ३ | ४३ | २ | ३३ | ३ | ४३ | ८ | ४० |
| कक्षाकोठा व्यवस्थापनमा अभाव | १ | १४ | १ | १७ | १ | १४ | ३ | १५ |
| पुनर्ताजकी तालिमको अभाव | १ | १४ | १ | १७ | १ | १४ | ३ | १५ |
| निरिक्षण, अनुगमन र सुपरिवेक्षणको अभाव | २ | २९ | २ | ३३ | २ | २९ | ६ | ३० |
| जम्मा | ७ | १०० | ६ | १०० | ७ | १०० | २० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण



माथिको तालिका नं. ७ लाई विश्लेषण गर्दा उक्त अध्ययन क्षेत्रमा रहेको सामुदायिक विद्यालयहरुमा शैक्षणिक योजना निर्माणमा देखिएका समस्याहरुलाई अनुसन्धान गर्ने क्रममा प्राथमिक तहका शिक्षकहरुमा ४३% शिक्षकहरुले समयको अभावले निर्माण नगरेको, १४% शिक्षकहरुले कक्षाकोठाको व्यवस्थापनका अभावले उक्त योजना निर्माण नगरेको र १४% शिक्षकहरुले पुनर्ताजगी तालिमको अभावले उक्त योजना निर्माण नगरेको र २९% शिक्षकहरुले निरीक्षण ,अनुगमन र सुपरिवेक्षण नभएको कारणले उक्त योजना निर्माण नगरेको पाइयो । निम्न माध्यमिक तहमा हेर्दा ३३% शिक्षकहरुले समयको अभावले, १४% शिक्षकहरुले कक्षाकोठाको व्यवस्थापनको अभाले, १७% शिक्षकहरुले पुर्ननाजगी तालिमको अभावले र ३६ % शिक्षकहरुले निरीक्षण,अनुगमन र सुपरिवेक्षणको अभावले उक्त योजना निर्माण नगरेको पाइयो । साथै माध्यमिक तहमा ४३% शिक्षकहरुले समयको अभावले,१४% कक्षाकोठाको व्यवस्थापनको अभावले, १४% शिक्षकहरुले पुनर्ताजगी तालिमको अभावले र २९% शिक्षकहरुले निरीक्षण, अनुगमन र सुपरिवेक्षणको अभावले उक्त योजना निर्माण नगरेको पाइयो । समग्रमा तिनवटै तहलाई हेर्दा ४०% शिक्षकहरुले समयको अभावले, १५% शिक्षकहरुले कक्षाकोठा व्यवस्थापनको अभावले, १५% शिक्षकहरुले पुनर्ताजगी तालिमको अभावले , ३०% शिक्षकहरुले निरीक्षण,अनुगमन र सुपरिवेक्षणको अभावले उक्त योजना निर्माण नगरेको पाइयो । शैक्षणिक योजना निर्माण र प्रयोगमा देखिएका समस्याहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

१. शिक्षकहरुले समयको अभावले शैक्षणिक योजनाहरु निर्माण र प्रयोग नगरेको पाइयो,
२. कोहि शिक्षकहरुले कक्षाकोठा व्यवस्थापनको अभाव, पुनर्ताजकी तालिमको अभावले शैक्षणिक योजनाहरु निर्माण र प्रयोग नगरेको पाइयो,
३. अधिकांश शिक्षकहरुले निरीक्षण, अनुगमन र सुपरीवेक्षणको अभावले शैक्षणिक योजना निर्माण र प्रयोग नगरेको पाइयो ।

## ४.४ तहगत रुपमा शैक्षणिक योजना निर्माण र प्रयोगले आउने प्रभावकारिताको अवस्था

शैक्षणिक योजनाहरु निर्माण र प्रयोग गरि शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्दा पक्कै पनि त्यसबाट उपलब्धी हासिल हुन सक्छ । उक्त सामुदायिक विद्यालयहरुमा शैक्षणिक योजनाको निर्माण र प्रयोगले ल्याएको प्रभावकारिताको अवस्था निम्नानुसारको तालिकाहरुमा देखाइएको छ :


### ४.४.१ शैक्षणिक योजना निर्माण र प्रयोग गर्दा सिकाईमा आउने प्रभावको अवस्था

तालिका नं. आठ :

शैक्षणिक योजना निर्माण र प्रयोग गर्दा सिकाईमा आउने प्रभावको अवस्था

| विवरण | प्रावि तह | | निमावि तह | | मावि तह | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| शिक्षण प्रभावकारी हुन | ० | ० | १ | १२.५ | २ | २५ | ३ | १२ |
| शिक्षण उद्देश्यमुलक हुने | ० | ० | १ | १२.५ | ५ | ६२.५ | ६ | २४ |
| कोर्ष समयमा नै सकिन | १ | ११ | २ | २५ | १ | १२.५ | ४ | १६ |
| थहा छैन | ८ | ८९ | ४ | ५० | ० | ० | १२ | ४८ |
| जम्मा | ९ | १०० | ८ | १०० | ८ | १०० | २५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण




माथिको तालिका नं. ८ अनुसार उक्त अध्ययन क्षेत्रमा रहेका सामुदायीक विद्यालयका विद्यार्थीहरुलाई शैक्षणिक योजनाहरु निर्माण र प्रयोग गरेर के कस्तो प्रभाव पर्छ भनि गरिएको अनुसन्धानमा प्राथमिक तहका ११ %ले किताव (कोर्ष) समयमै सकिने,८९%ले आफुहरुलाई थाहा नभएको कुरा उल्लेख गरेको पाइयो । त्यस्तै नि.मा.वि. तहमा अनुसन्धान गर्दा १२.५% ले शिक्षण प्रभावकारी हुने, १२.५% सिकाई उद्देश्य मुलक हुने,२५%ले कोर्ष समयमै सकिने र ५०%ले थाहा नभएको कुरा बताए । साथै माध्यमिक तहमा गरीएको अनुसन्धानमा २५% शिक्षण प्रभावकारी हुने, ६२.५% ले सिकाई


उद्देश्यमुलक हुने र १२.५ % ले कोर्ष समयमै सकिने कुरा बताए । तीनवटै तहलाई एकमुष्ट विश्लेषण गर्दा १२% सिकाई प्रभावकारी हुने २४% ले सिकाई उद्देश्य मुलक हुने, १६% ले कोर्ष समयमै सकिने र ४८% ले शैक्षणिक योजनानै नबुझेको कुरा अनुसन्धानबाट थाहाभएको छ ।

तालिका नं. नौ :

दैनिक पाठयोजना प्रभावकारीताको अवस्था

| विवरण | प्रावि तह | | निमावि तह | | मावि तह | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| विद्यार्थीलाई सिक्न सजिलोहुने | २ | २२ | ३ | ३७.५ | २ | २५ | ७ | २८ |
| शिक्षकलाई पढाउन सजिलो हुने | १ | ११ | ३ | ३७.५ | २ | २५ | ६ | २४ |
| सिकाई दिगो हुने | १ | ११ | १ | १२.५ | ४ | ५० | ६ | २४ |
| थाहा नहुने | ५ | ५६ | १ | १२.५ | ० | ० | ६ | २४ |
| जम्मा | ९ | १०० | ८ | १०० | ८ | १०० | २५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण




माथिको तालिका लाई विश्लेषण गर्दा उक्त सामूदायिक विद्यालयका विद्यार्थिहरुमा दैनिक पाठयोजनाले शिक्षण सिकाइमा कस्तो प्रभाव पार्छ भन्ने सन्दर्भमा उक्त विद्यालयहरुका प्राथमिक तहका २२% विद्यार्थिहरुले सिक्न सजिलो हुने,११% ले शिक्षकलाई पढाउन सजिलो हुने,११%ले सिकेका कुरा सम्झिन सजिलो हुने साथै ५६% विद्यार्थीहरुलाई भने उक्त कुरा थाहानै नभएको अनुसन्धानबाट थाहा हुन आएको छ। त्यस्तै नि.मा.वि. तहमा गरीएको अनुसन्धानमा ३७.५% ले सिक्न सजिलो हुने,३७.५% शिक्षकलाई पढाउन सजिलो हुने, १२.५% ले सिकाई दिगो हुने र १२.५% लाई थाहा नहुने अनुसन्धानबाट थाहा हुन आएको छ। त्यस्तै गरि माध्यमिक तहमा गरीएको अनुसन्धानमा २५% ले विद्यार्थीलाई सिक्न सजिलो हुने, २५% विद्यार्थीले शिक्षकलाई पढाउन सजिलो हुने, र ५०% विद्यार्थीहरुले सिकाई दिगो हुने कुरा बताएको अनुसन्धानबाट थाहा हुन आएको छ । साथै तिनवटै तहको एक मुष्ट विश्लेषण गर्दा २८% विद्यार्थीहरुलाई सिक्न सजिलो हुने, २४% शिक्षकलाई पढाउन सजिलो हुने, २४% ले दिगो हुने, र २४% लाई चाही थाहा नभएको कुरा अनुसन्धानबाट थाहाहुन आएको छ।

तालिका नं. दश :

शैक्षणिक योजना प्रभावकारी बनाउने उपायको अवस्था

| विवरण | संख्या | प्रतिशत | जम्मा | |
|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत |
| शैक्षिक व्यवस्थापन | ३ | ६० | ३ | ६० |
| निरीक्षण,अनुगमन र सुपरीवेक्षण | १ | २० | १ | २० |
| परामर्श तथा सल्लाह | १ | २० | १ | २० |
| जम्मा | ५ | १०० | ५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण


माथिको तालिका नं. १० लाई विश्लेषण गर्दा उक्त अध्ययन क्षेत्रमा रहेका पाँच सामुदायीक विद्यालयका पाँचजना प्र.अ. हरुलाई शैक्षणिक योजनालाई प्रभावकारी ढंगबाट निर्माण गरी प्रयोग गर्नकालागी के गर्नु पर्छ भनि गरीको अनुसन्धानमा ६०% ले शैक्षिक व्यवस्थापन गर्नु पर्ने २०% ले निरीक्षण, अनुगमन र सुपरिवेक्षण गर्नुपर्ने साथै २०% ले परामर्श तथा सल्लाहाबाट शैक्षणिक योजना प्रभावकारी हुने बताएको कुरा अनुसन्धानबाट प्रष्ट हुन आएको छ ।

तालिका नं. एघार :

वार्षिक कार्य तालिकाले शिक्षण सिकाईमा सहयोगको अवस्था

| विवरण | प्रावि तह | | निमावि तह | | मावि तह | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| सहयोग गर्ने | ३ | ३३ | ६ | ७५ | ८ | १०० | १७ | ६८ |
| सहयोग नगर्ने | १ | ११ | ० | ० | ० | ० | १ | ४ |
| थाहा नहुने | ५ | ५६ | २ | २५ | ० | ० | ७ | २८ |
| जम्मा | ९ | १०० | ८ | १०० | ८ | १०० | २५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण




माथीको तालिकालाई विश्लेषण गर्दा उक्त समुदायिक विद्यालयहरुमा वार्षिक कार्यतालिकाले शिक्षण सिकाइमा सहयोग गर्छकी गर्दैन भन्ने सन्दर्भमा प्राथमिक विद्यार्थीहरुमा ३३% ले सहयोग गर्ने,११% ले सहयोग नगर्ने,५६%ले  थाहा नभउएको कुरा उल्लेख गरेको पााइयो । निम्न माध्यमिक तहमा ७५% ले सहयोग गर्ने,२५% ले थाहा नभएको कुरा उल्लेख गरेको पाइयो साथै माध्यमिक तहमा १००% ले नै सहयोग गर्ने बताए र तीनवटै तहको विश्लेषण गर्दा वार्षिक कार्यतालिकाले शिक्षण सिकाइमा सहयोग गर्ने ६८%, सहयोग नगर्नेमा ४% र थाहा नहुनेमा २८% पाइयो ।


तालिका नं. बाह्र :

दैनिक पाठयोजना प्रभावकारीताको अवस्था

| विवरण | प्रावि तह | | निमावि तह | | मावि तह | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| विद्यार्थीलाई सिक्न सजिलोहुने | २ | २२ | ३ | ३७.५ | २ | २५ | ७ | २८ |
| शिक्षकलाई पढाउन सजिलो हुने | १ | ११ | ३ | ३७.५ | २ | २५ | ६ | २४ |
| सिकाई दिगो हुने | १ | ११ | १ | १२.५ | ४ | ५० | ६ | २४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| थाहा नहुने | ५ | ५६ | १ | १२.५ | ० | ० | ६ | २४ |
| जम्मा | ९ | १०० | ८ | १०० | ८ | १०० | २५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण





माथिको तालिका लाई विश्लेषण गर्दा उक्त सामूदायिक विद्यालयका विद्यार्थिहरुमा दैनिक पाठयोजनाले शिक्षण सिकाइमा कस्तो प्रभाव पार्छ भन्ने सन्दर्भमा उक्त विद्यालयहरुका प्राथमिक तहका २२% विद्यार्थिहरुले सिक्न सजिलो हुने,११% ले शिक्षकलाई पढाउन सजिलो हुने,११%ले सिकेका कुरा सम्झिन सजिलो हुने साथै ५६% विद्यार्थीहरुलाई भने उक्त कुरा थाहानै नभएको अनुसन्धानबाट थाहा हुन आएको छ। त्यस्तै नि.मा.वि. तहमा गरीएको अनुसन्धानमा ३७.५% ले सिक्न सजिलो हुने,३७.५% शिक्षकलाई पढाउन सजिलो हुने, १२.५% ले सिकाई दिगो हुने र १२.५% लाई थाहा नहुने अनुसन्धानबाट थाहा हुन आएको छ। त्यस्तै गरि माध्यमिक तहमा गरीएको अनुसन्धानमा २५% ले विद्यार्थीलाई सिक्न सजिलो हुने, २५% विद्यार्थीले शिक्षकलाई पढाउन सजिलो हुने, र ५०% विद्यार्थीहरुले सिकाई दिगो हुने कुरा बताएको अनुसन्धानबाट थाहा हुन आएको छ । साथै तिनवटै तहको एक मुष्ट विश्लेषण गर्दा २८% विद्यार्थीहरुलाई सिक्न सजिलो हुने,२४% शिक्षकलाई पढाउन सजिलो हुने, २४% ले दिगो हुने, र २४% लाई चाही थाहानभएको कुरा अनुसन्धानबाट थाहाहुन आएको छ।

तालिका नं. तेह्र :

शैक्षिक सामग्री निर्माणमा विद्यार्थी सहभागीताको अवस्था

| विवरण | प्रावि तह | | निमावि तह | | मावि तह | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| कहिलेकाहि मात्र सहभागी हुने | ४ | ४५ | ४ | ५० | ३ | ३७.५ | ११ | ४४ |
| धेरै जसो सहभागी हुने | २ | २२ | २ | २५ | ४ | ५० | ८ | ३२ |
| सहभागी नहुने | ३ | ३३ | २ | २५ | १ | १२.५ | ६ | २४ |
| जम्मा | ९ | १०० | ८ | १०० | ८ | १०० | २५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण



तालिका नं. चौध :

शैक्षणिक योजना निर्माण गर्ने जिम्मेवारीको अवस्था

| विवरण | संख्या | प्रतिशत | जम्मा | |
|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत |
| प्र. अ. | २ | ४० | २ | ४० |
| शिक्षक | ० | ० | ० | ० |
| वि.व्य.स. | ० | ० | ० | ० |
| प्र. अ., शिक्षक,वि.व्य.स. | ३ | ६० | ३ | ६० |
| जम्मा | ५ | १०० | ५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण


माथिको तालिका नं १४ लाई विश्लेषण गर्दा उक्त अध्ययन क्षेत्रमा रहेका ५वटा सामुदायीक विद्यालयका ५ जना प्र.अ.हरुलाई शैक्षणिक योजना निर्माण गर्ने जिम्वेवारी कस्को हो ? भनि गरीएको अनुसन्धानमा ४०%ले प्र.अ.को जिम्वेवारी, ६०%ले प्र.अ. शिक्षक र वि.व्य.स. को संयुक्त प्रयासबाट शैक्षणिक योजनाहरु निर्माण हुने कुरा बताए । यसबाट के प्रष्ट हुन्छ भने शैक्षणिक योजना निर्माण गर्ने काम एउटा प्र.अ.ले मात्र सम्भव नहुने र प्रभावकारी नहुने यसका लागी तीन पक्षकै सम्लग्नता हुनु पर्ने देखिन्छ ।

तालिका नं. पन्ध्र :

शैक्षणिक योजना प्रभावकारी बनाउने उपायको अवस्था

| विवरण | संख्या | प्रतिशत | जम्मा | |
|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत |
| शैक्षिक व्यवस्थापन | ३ | ६० | ३ | ६० |
| निरीक्षण,अनुगमन र सुपरीवेक्षण | १ | २० | १ | २० |
| परामर्श तथा सल्लाह | १ | २० | १ | २० |
| जम्मा | ५ | १०० | ५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण




माथिको तालिका नं. १५ लाई विश्लेषण गर्दा उक्त अध्ययन क्षेत्रमा रहेका पाँच सामुदायीक विद्यालयका पाँचजना प्र.अ. हरुलाई शैक्षणिक योजनालाई प्रभावकारी ढंगबाट निर्माण गरी प्रयोग गर्नकालागी के गर्नु पर्छ भनि गरीको अनुसन्धानमा ६०% ले शैक्षिक व्यवस्थापन गर्नु पर्ने २०% ले निरीक्षण, अनुगमन र सुपरिवेक्षण गर्नुपर्ने साथै २०% ले परामर्श तथा सल्लाहाबाट शैक्षणिक योजना प्रभावकारी हुने बताएको कुरा अनुसन्धानबाट प्रष्ट हुन आएको छ । शैक्षणिक योजना प्रभावकारी बनाउने उपायहरु निम्नानुसार छन् :

१. शैक्षणिक योजनाहरु प्रभावकारी बनाउनको लागि शैक्षणिक व्यवस्थापन गर्नुपर्ने,

२. शैक्षणिक योजना प्रभावकारी बनाउन शिक्षकहरुलाई सुझाव र सल्लाह प्रदान गर्नुपर्ने,

३. शैक्षणिक योजना प्रभावकारी बनाउन नियमित रुपमा निरीक्षण अनुगमन र सुपरीवेक्षण गर्नुपर्ने ।

# परिच्छेद पाँच :
# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

यस अध्ययनवाट प्राप्त भएका तथ्य तथ्याङ्क तथा सूचनाहरुलाई सैद्धान्तिक चिन्तनको हिसावले गरीएको व्याख्या विश्लेषण अनुसार अध्ययनकर्ता निम्न निश्कर्षमा पुगेको छ । जुन यस प्रकार छन् :

१. प्राथमिक तह र निम्नमाध्यमिक तहका विद्यार्थीहरुलाई शैक्षणिक योजना निर्माणका बारेमा अनभिज्ञता भएको पाइयो र उनिहरुलाई पनि शैक्षणिक योजना बारे जानकारी गराउनु पर्ने देखिन्छ ।

२. शैक्षणिक योजना निर्माण र प्रयोग पुर्ण रुपमा कार्यन्वयन भएको पाईदैन यसका लागी पूर्ण रुपमा कार्यन्वयन गराउन सम्बन्धित निकायले ठोस पहल गर्नु पर्ने देखिन्छ ।

३. प्रथमिक र निम्नमाध्यमिक तहका विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुलाई शैक्षणिक योजना बारे थाहा नभएको र माध्यमिक तहका वि.व्य.स. पदाधिरीहरुमा धेरै जसोलाई शैक्षणिक योजनाबारे थाहा भएको देखिन्छ ।

४. शैक्षणिक योजनाहरु पूर्ण कार्यान्वयन गर्न शिक्षकहरुलाई अझ उत्तरादायि वनाउनु पर्ने देखिन्छ ।

५. विद्यालयमा शिक्षक दरवन्दी कम रहेकोले विद्यालयमा न्यूनतम शिक्षक दरवन्दीको व्यवस्था गर्नुपर्ने देखियो ।

६. शैक्षणिक योजना निर्माण र प्रयोग पूर्ण रुपमा र प्रभावकारी कार्यान्वयन गर्ने शिक्षकलाई पुरस्कारको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

७. शैक्षणिक योजना निर्माण र प्रयोग गर्न वजेटको आवस्यकता पर्ने भएकोले वजेटको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

८. शैक्षणिक योजना सम्वन्धमा शिक्षकहरुलाई अझै अभ्यासमूलक तालिम प्रदान गर्नु पर्ने देखिन्छ ।

९. शैक्षणिक योजना पूर्ण रुपमा कार्यान्वयन नभएकोले पूर्ण रुपमा कार्यान्वयन गराउन आवश्यक पहल गर्नु पर्ने देखिन्छ ।

१०. सवै विद्यालयहरुमा शैक्षणिक योजना निर्माण,प्रयोग र कार्यन्वयन कडाइका साथ लागु गर्न पहल गर्नु पर्ने देखिन्छ ।

११. शैक्षणिक योजना निर्माण र प्रयोग सम्वन्धि कठिनाइहरु प्रसस्त रहेकोले समस्या समाधान गर्न सवैको कार्यगत एकता हुनु पर्ने देखिन्छ ।

१२. सामुदायिक विद्यालयहरुका विज्ञान शिक्षकहरुले पूर्ण रुपमा शैक्षणिक योजना सम्बन्धी तालिम नलिएको पाइयो ।

## ५.२ सुझावहरु

अध्ययनका क्रममा अध्ययन क्षेत्रसंग सम्बन्धित सरोकार वालाहरुसंग अध्ययन र छलफल गरी सामुदायिक विद्यालयहरुमा शैक्षणिक योजना निर्माण प्रयोग र त्यसलाई प्रभाबकारी बनाउन विभिनन तरीकाहरु पत्ता लगाइ यस कार्यक्रमलाई देशभरि व्यवहारिक रुपमा कार्यान्वयन गर्न सम्बन्धित निकायहरुलाई निम्नानुसारका सुझावहरु प्रस्तुत गरिएको छः

### (क) नीतिगत तहका लागि

(१) शैक्षणिक योजना निर्माण र प्रयोगबाट वास्तविक  रुपमा विद्यार्थीहरुको व्यवाहार परिवर्तन गर्न सकिन्छ । वा सिकाईलाई उद्देश्यमुलक बनाउन सकिन्छ भन्ने कुरा सम्बन्धित सरोकारवालाहरुलाई जानकारी गराउनु पर्छ ।

(२) शैक्षणिक योजना निर्माण र प्रयोगका  पक्षमा शैक्षिक सरोकारवालाहरुको आम सहमति जुटाउनुपर्छ,

(३) शैक्षणिक योजना निर्माण र प्रयोग देशै भरि अनिवार्य कार्यान्वयन गर्ने वातावरण सिर्जना गर्नपर्छ,

(४) विद्यालयमा न्यूनतम शिक्षक दरवन्दीको व्यवस्था गुर्न पर्छ ,

(५) शैक्षणिक योजना निर्माण र प्रयोग साथै प्रभावकारी कार्यान्वयनका लागि अर्थिक भौतिक सहयोग गर्नुपर्छ,

(६) शिक्षकलाई प्रयोगात्मक तालिम दिइनुपर्छ ,

(७) वि.व्य.स. तथा शि.अ. संघका पदाधिकारीहरुलाई शैक्षणिक योजना निर्माण र प्रयोग गराउने वातावरण सिर्जना गर्ने खालको तालिम प्रदान गरिनु पर्छ ।

(८) विभिन्न निकायवाट सञ्चालन हुने सवै किसिमका तालिमहरुमा शैक्षणिक योजना निर्माण र प्रयोग लाई पनि समावेश गराउनु पर्छ ।

(ख) कार्यान्वयन तहका लागि

(१) शैक्षणिक योजना निर्माण र प्रयोगलाई नियमित तथा अनिवार्य अनुगमन तथा सुपरीवेक्षणको व्यवस्था गरिनु पर्छ,

(२) शैक्षणिक योजना निर्माण र प्रयोगलाई पूर्ण कार्यान्वयन तथा प्रभाकारी कार्यान्वयन गर्ने विद्यालय तथा शिक्षकलाई पुरस्कारको व्यवस्था गर्नुपर्छ ,

(३) शैक्षणिक योजना निर्माण र प्रयोगलाई प्रभावकारी कार्यान्वयन गर्ने तथा लागु नै नगर्ने शिक्षकहरुको मूल्याङ्कन गर्नु पर्छ ,

(४) शैक्षणिक योजना निर्माण र प्रयोगलाई. प्रभावकारी रुपमा जिल्लाका सवै विद्यालयहरुमा अनिवार्य रुपमा कार्यान्वयन गराउनु पर्छ ,

(५) शिक्षकलाई अझै अभ्यासमूलक तालिम प्रदान गरी कार्यान्वयन गराउनु पर्छ ,

(६) सवै स्रोतकेन्द्रहरुमा अनिवार्य रुपमा शैक्षणिक योजना निर्माण र प्रयोग कार्यान्वयन भए नभएको यकिन गर्नु पर्छ ।

(७) विद्यालयमा शैक्षणिक योजना निर्माण र प्रयोग गरे नगरेको रेकर्ड सम्बन्धि जि.शि.का.मा राख्नु पर्छ र त्यसैका आधारमा विद्यालयहरुलाई सेवासुविधाहरु दिइनु पर्छ,

(८) सवै विद्यालयमा शैक्षणिक योजना निर्माण र प्रयोग अनिवार्य रुपमा कार्यान्वयन गराइनु पर्छ ।

(९) विद्यालयका प्र.अ.शिक्षक आफै विपद्यालय प्रति जिम्वेवार भई शैक्षणिक योजनाहरु निर्माण तथा प्रयोगमा बढी क्रियासिल हुनु पर्छ ।

(१०) शैक्षणिक योजनाहरुको प्रयोग वा कार्यन्वयन गर्दा बढी मात्रमा विद्यार्थी केन्द्रत विधि वा प्रयोगात्मक विधि अपनाउनु पर्छ ।

(११) पाठ्यक्रम अनुसारका शैक्षणिक योजना निर्माण र प्रयोग गर्न सन्दर्भ सामाग्रीको अपर्याप्तता देखिएको हुनाले विद्यालयले त्यसका लागी सरोकारवालाको ध्यानाकार्षण गर्नु पर्ने देखिन्छ ।

(१२) शैक्षणिक योजना निर्माण गर्नु शिक्षकको कर्तव्य हो भन्ने कुरालाई मध्य नजर गरी यसका लागी उपपुक्त समय छुट्याउनु पर्छ ।

(१३) शैक्षणिक योजना निर्माण र प्रयोगका वारेमा अस्पष्ट भएका कुराहरु स.बन्धित व्यक्ति तथा संस्थाहरु संग स्पष्ट हुनु पर्छ ।

(१४) शैक्षणिक योजना निर्माण र प्रयोग कार्यान्वयन गर्न अग्रसरता देखाउनु पर्छ ,

(१५) विद्यालयले शैक्षणिक निर्माण प्रयोग सम्बन्धि तालिम नलिएका (विज्ञान शिक्षक) शिक्षकलाई तालिममा अनिवार्य पठाउनु पर्छ ।

(ग) अनुसन्धान तहको लागि

(१) विद्यालयमा शैक्षणिक योजना निर्माण प्रयोग पूर्ण र प्रभावकारी कार्यान्वयन गर्ने शिक्षकलाई प्रोत्साहन भए नभएको खोजी गर्ने,

(२) स्रोतव्यक्तिले वा निरिक्षकले सवै विद्यालयहरुमा शैक्षणिक योजना निर्माण र प्रयोग कार्यान्वयन गरीएको छ वा छैन पत्ता लगाउने,

(३) शिक्षकहरुलाई यी योजनाहरुमा आएका कठिनाइहरु पत्ता लगाइ समस्या समाधान गर्न स्रोत व्यक्ति वा सम्बन्धित सरोकारवाला हर समय तयार भए नभएको एकिन गर्ने,

(४) प्र.अ. वैठक तथा स्रोतकेन्द्र व्यवस्थापन समितिको वैठकमा शैक्षणिक योजना निर्माण र प्रयोग सम्वन्धी विषयमा छलफल पत्ता लगाउने,

(५) स्रोतकेन्द्रले शैक्षणिक योजना निर्माण र प्रयोग कार्यान्वयन गर्न विद्यालय तथा शिक्षकहरुलाई प्रोत्साहन प्रदान गरेनगरेको तथ्य पत्ता लगाउने,

(६) यस सम्बन्धी अनुसन्धान गरिरहनु पर्ने,

# सन्दर्भ सूची


१. **अन्तराष्ट्रिय मञ्च नेपाल** सम्वन्धि वार्षिक अङ्क (२०६८) ।

२. **आधारभूत तथा प्राथमिक शिक्षा परियोजना** (२०५३), स्वाध्ययन सामाग्री, काठमाण्डौ : केशर महल ।

३. काफ्ले, वासुदेव, मीन ब. विष्ट, राम स्वरुप सिन्हा र चन्द्र ब. श्रेष्ठ (२०६०) ,शैक्षिक योजना, काठमाण्डौः भूडी पुराण प्रकाशन ।

४. कोईराला, विद्यानाथ र चन्द्र वहादुर श्रेष्ठ (२०६२), **शैक्षिक व्यवस्थापन र संगठनात्मक ब्यवहार**, काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

५. खनाल, पेशल (२०६०), **शैक्षिक अनुसन्धान पद्धति**, काठमाण्डौ : सनलाईट पब्लिकेशन कीर्तिपुर ।

६. **नेपालको अन्तरिम संविधान (२०६३, पाचौ संसोधन सहित)** काठमाण्डौ : मकालु प्रकाशन डिल्ली बजार ।

७. नेपाल सरकार राष्ट्रिय योजना अयोग (२०६४), **तीन वर्षिय योजना (२०६८-२०७०),** काठमाण्डौ : लेखक ।

८. नेपाल सरकार शिक्षा तथा खेदकुद मन्त्रालय (२०६८), **नेपाल शैक्षिक सुचना झलक**, काठमाण्डौ : केशरमहल, लेखक ।

९. **विद्यालय क्षेत्र सुधार योजना (२०६२-२०७२)**,नेपाल सरकार, शिक्षा विभाग, काठमाण्डौ : लेखक ।

१०. शर्मा, चिरन्जीवी र निर्मला शर्मा (२०६१), **कक्षा कोठामा मनोविज्ञान**, काठमाण्डौ : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स, भोटाहिटी ।

११. शर्मा, चिरन्जीवी र निर्मला शर्मा (२०६४), **शैक्षिक योजना**, काठमाण्डौः एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स, भोटाहिटी ।

१२. शर्मा, चिरन्जीवी र निर्मला शर्मा (२०६७), **शैक्षणिक विधि**, काठमाण्डौः एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स, भोटाहिटी ।

१३. शिक्षा विभाग (२०६१), **विद्यालयमा विद्यार्थी भर्ना तथा स्वागत कार्यक्रम निर्देशिका**, काठमाण्डौ : सानोठिमी,भक्तपुर, लेखक ।

१४. **सवैका लागि शिक्षा, कार्यक्रम सम्बन्धि पुस्तिका**, नेपाल सरकार, शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।

१५. भट्टराई, लेखनाथ (२०६७), **सामुदायिक विद्यालयमा शैक्षणिक योजनाको प्रभावकारिता**, अप्रकाशित शोधपत्र ।

१६. CERID (2004), Formative Research Project, **Basic and Primary Education in the Content of Education for all**, Kathmandu: CERID Balkhu.

१७. MOES (2004), **Education For All**, core Document (2004-2009), Kathmandu: Author .

# अनुसूची एक :

## प्र.अ.लाई प्रश्नावली

नाम :

ठेगाना

१. तपाइको विद्यालयमा वार्षिक कार्यतालिका निर्माण गरिएको छ ?

(क) छ (ख) छैन (ग) कुनै कुनै वर्ष मात्र

२. यदि छ भने त्यो कस सकले निर्माण गर्नु भयो ?

(क) प्र.अ. (ख) शिक्षक (ग) वि.ब्य.स.

३. तपाइको विद्यालयका शिक्षकहरुले शैक्षणिक योजनाको निर्माण र प्रयोग कतिको गरेको पाईन्छ ?

(क) सामान्य रुपमा (ख) प्राय : जसो (ग) सधै

४. तपाइको विद्यालयमा विषयगत रुपमा आवश्यक पर्ने शैक्षिक समग्रीहरु कतिको उपलब्ध छ ?

(क) न्यून (ख) उत्तम (ग) अति उत्तम

५. तपाइको विद्यालयको शिक्षकहरुको तालिमको अवस्था कस्तो रहेको छ ?

(क) न्यून (ख) उत्तम (ग) अतिउत्तम

६. शैक्षणिक योजना निर्माणले शिक्षण कार्यमा कस्तो प्रभाव पारेको हुन्छ ?

..........................................................................................

७. तपाइको विचारमा शैक्षणिक योजनाको निर्माण र प्रयोगमा देखिएका समस्याहरु के के छन् ?

..........................................................................................

८. शैक्षणिक योजना उचित तरिकाले प्रयोग गर्नका लागि कस्तो योजना बनाउनु भएको छ ?

..........................................................................................

९. शैक्षणिक योजना प्रभावकारी बनाउन के के गर्नु पर्छ ?

..........................................................................................

## अनुसूची दुई :

## शिक्षकका लागि प्रश्नावली

नाम :

ठेगाना

१. शैक्षणिक योजनाको निर्माण हरेक वर्ष गर्नु हुन्छ ?

(क) गर्छु (ख) गर्दिन (ग) कुनै कुनै वर्ष गर्छु ।

२. ती योजनाहरु सैद्धान्तिक रुपमा मात्र निर्माण हुन्छन् की व्यवहारमा पनि प्रयोगमा ल्याउनु हुन्छ ?

(क) ल्याउछु (ख) ल्याउदिन (ग) धेरै जसो ल्याउछु

३. शैक्षणित योजना निर्माण मा तपाइलाई कसले वढि सहयोग गर्छ ?

(क) प्र.अ. (ख) वि.व्य.स. (ग) स्रोत व्यक्ति

४. शैक्षणिक योजना निर्माण सम्वन्धि कार्यशाला गोष्ठि कति समयको अन्तरमा हुने गर्छ ?

(क) वर्षमा एक पटक (ख) दुई वर्षमा एक पटक (ग) हुदैन

५. शैक्षिक समाग्री निर्माणमा विद्यार्थीहरुको पनि सहयोग लिनु हुन्छ ?

(क) लिन्छु (ख) लिन्न (ग) कहिलेकाहि लिन्छु

६. शैक्षणिक योजना निर्माण र प्रयोगले सिकाई मा कतिको प्रभावकारीता ल्याएको पाउनु हुन्छ ?

........................................................................................

७. शैक्षणिक योजना निर्माण र प्रयोग नगर्दा र गर्दा सिकाईमा के कस्तो अन्तर पाउनु हुन्छ ?

........................................................................................

८. शैक्षणिक योजना निर्माण र प्रयोगमा देखिएका समस्याहरु के के छन् ?

........................................................................................

९. यसको उचित समाधानका लागि के गर्नु पर्ला ?

........................................................................................

## अनुसूची तीन :

## विद्यार्थीलाई प्रश्नावली

नाम :

ठेगाना :

१. तपाईको विद्यालयमा वार्षिक कार्यतालिका छ कि छैन ?

(क) छ (ख) छैन (ग) थाहा छैन

२. वार्षिक कार्यतालिका (पात्रो) ले शिक्षण सिकाईलाई सहयोग गर्छ कि गर्दैन ?

(क) गर्छ (ख) गर्दैन (घ) थाहा छैन

३. सरहरुले तपाईहरुलाई दैनिक पाठयोजना निर्माण गरेर अध्यापन गराउनु हुन्छ कि हुन्न ?

(क) गराउनु हुन्छ (ख) गराउनु हुन्न (ग) थाहा छैन

४. तपाईहरुलाई शैक्षणिक योजना निर्माणको नमूना अभ्यास गराउनु भयो कि भएन ?

(क) भयो (ख) भएन (ग) थाहा छैन

५. तपाईहरुलाई शिक्षकहरुले शैक्षिक सामाग्री निर्माण गर्न लगाउनु हुन्छ ?

(क) लगाउनु हुन्छ (ख) लगाउनु हुन्न (ग) कहिलेकाही लगाउनु हुन्छ

६. शैक्षणिक योजना भनेको के हो ?

..........................................................................................

७. शैक्षणिक योजनाको निर्माण गरी शिक्षण गर्दा र निमार्ण नगरी शिक्षण गर्दा सिकाईमा के कस्तो अन्तर पाउनु हुन्छ ?

..........................................................................................

८. दैनिक पाठयोजनाको प्रयोगले शिक्षण सिकाइलाई कसरी प्रभावकारी बनाउछ ?

..........................................................................................

९. शैक्षिक सामाग्री निर्माण मा तपाइको सहभागिता के कस्तो रहेको छ ?

..........................................................................................

१०. शिक्षण सिकाइमा शै.सा.को कस्तो महत्व रहेको छ ?

..........................................................................................

# अनुसूची चार :

## वि.ब्य.स लाई प्रश्नावली

नाम :

ठेगाना

१. शैक्षणिक योजनाको वारेमा तपाइलाई थाहा छ की छैन ?

(क) थाहा छ (ख) थाहा छैन (ग) थोरै थाहा छ

२. शैक्षणिक योजना निर्माणमा तपाइहरुले विद्यालयलाई सहयोग गर्नु भएको छ ?

(क) छ (ख) छैन (ग) भ्याइदैन

३. तपाइको विद्यालयको शिक्षकहरुले दैनिक पाठयोजना निर्माण गरेर शिक्षण गरेको पाउनु हुन्छ ?

(क) पाउछु (ख) पाउदिन (ग) थाहै छैन

४. तपाइको विद्यालयको शिक्षकहरुले अरु शैक्षणिक योजनाहरु पनि निर्माण गरेको पाउनु हुन्छ ?

(क) पाउछु (ख) पाउदिन (ग) थाहै छैन

५. पाउनु हुन्छ भने त्यसलाई प्रयोग पनि गर्नु हुन्छ ?

(क) गर्नु हुन्छ (ख) गर्नु हुन्न (ग) थाहा छैन

६. शैक्षणिक योजनाको निर्माण र प्रयोगको बारे तपाइको धारणा के छ ?

.....................................................................................

७. शैक्षणिक योजना निर्माण र प्रयोगका समस्याहरु के के छन् ?

.....................................................................................

८. ती समस्याहरु समाधान गर्ने बारे तपाइको धारणा के छ ?

.....................................................................................

९. शैक्षिक ब्यवस्थापनमा तपाइको धारणा के छ ?

.....................................................................................

# अनुसूची पाँच :

## स्रोतब्यक्तिलाई प्रश्नावली

नाम :

ठेगाना

१. तपाईका श्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरुले शैक्षणिक योजनाहरुलाई समयमै निर्माण गर्नुहुन्छ ?

(क) गर्नुहुन्छ (ख) गर्नुहुन्न (ग) धेरैले गर्नुहुन्छ

२. त्यसलाई शिक्षण सिकाईमा व्यवहारिक रुपले कतिको प्रयोगमा ल्याउनुहुन्छ ?

(क) ल्याउनु हुन्छ (ख) ल्याउनु हुन्न (ग) थोरैले मात्र ल्याउनु हुन्छ

३. शैक्षणिक योजना निर्माणमा सम्वन्धित शिक्षकहरुलाई कतिको सहयोग गर्नु हुन्छ ?

(क) गर्छु (ख) गर्दिन (ग) सोधेको खण्डमा गर्छु

४. तपाइको श्रोतकेन्द्र भरीका विद्यालयहरु विच शैक्षणिक योजना निर्माण र प्रयोग सम्वन्धि गोष्ठिहरु वर्षमा कति पटक हुन्छ ?

(क) एक पटक (ख) दुई पटक (ग) हुदैन

५. शैक्षणिक योजनाहरु सबै विद्यालयमा समयमै पुग्छन् ?

(क) पुग्छन् (ख) पुग्दैनन् (ग) थोरै जस्तो पुग्छन्

६. तपाईको श्रोतकेन्द्रका शिक्षकहरुलाई शैक्षणिक योजना निर्माण र प्रयोगमा देखिने कठिनाईहरु के के छन् ?

..........................................................................................

७. ती समस्याहरुलाई समाधान गर्नका लागि तपाईको पक्षवाट हुने सहयोगहरु वारे वताइदिनुहुन्छ की ?

..........................................................................................

८. शैक्षणिक योजनाको निर्माण र प्रयोगले शिक्षा क्षेत्रमा आएको परीवर्तनहरु वारे तपाइको धारणा के छ ?

..........................................................................................

अनुसूचि छ :

शैक्षणिक योजना  सम्वन्धि व्यवस्थापन समितिलाई भएको जनकारीको अवस्था

| विवरण | संख्या | प्रतिशत | जम्मा | |
|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत |
| थहा हुने | ५ | ५० | ५ | ५० |
| थाहा नहुने | २ | २० | २ | २० |
| केही थाहा हुने | ३ | ३० | ३ | ३० |
| जम्मा | १० | १०० | १० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण

अनुसूचि सात :

शैक्षणिक योजना सम्वन्धी कार्यशालाको अवस्था

| विवरण | प्रावि तह | | निमावि तह | | मावि तह | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| वर्षमा एक पटक हुने | २ | २९ | १ | १७ | १ | १४ | ४ | २० |
| कुनैकुनै वर्षमा मात्र हुने | ० | ० | १ | १७ | १ | १४ | २ | १० |
| कहिल्यै नहुने | ० | ० | ० | ० | ० | ० | ० | ० |
| मागको आधारमा (TPD) श्रोत केन्द्रद्धारा हुने | ५ | ७१ | ४ | ६६ | ५ | ७२ | १४ | ७० |
| जम्मा | ७ | १०० | ६ | १०० | ७ | १०० | २० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण

# अनुसूचि आठ :

## शैक्षणिक योजना निर्माणमा सहयोगको अवस्था

| विवरण | प्रावि तह | | निमावि तह | | मावि तह | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| प्र.अ. | ५ | ७१ | ४ | ६७ | ६ | ८६ | १५ | ७५ |
| वि.व्य. स. | ० | ० | ० | ० | ० | ० | ० | ० |
| श्रोत व्यक्ति | २ | २९ | २ | ३३ | १ | १४ | ५ | २५ |
| जम्मा | ७ | १०० | ६ | १०० | ७ | १०० | २० | १०० |

स्रोत : विद्यालयको अभिलेख

## अनुसूचि नौं :

## शैक्षिक सामग्री निर्माणमा विद्यार्थीबाट लिने सहयोगको अवस्था

| विवरण | प्राावि तह | | निमावि तह | | मावि तह | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| लिन्छु | १ | १४ | २ | ३३ | २ | २९ | ५ | २५ |
| लिन्न | ० | ० | ० | ० | ० | ० | ० | ० |
| काहिलेकाही लिन्छु | ५ | ७२ | ३ | ५१ | ४ | ५७ | १२ | ६० |
| धेरै जसो लिन्छु | १ | १४ | १ | १६ | १ | १४ | ३ | १५ |
| जम्मा | ७ | १०० | ६ | १०० | ७ | १०० | २० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण

## अनुसूचि दश :

## शैक्षणिक योजना प्रयोग र प्रभावकारीताको अवस्था

| विवरण | प्रावि तह | | निमावि तह | | मावि तह | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| शिक्षण उद्देश्यमुलक हुने | ३ | ४३ | ४ | ६६ | ४ | ५७ | ११ | ५५ |
| कोर्ष समयमा नै सकिने | १ | १४ | ० | ० | ० | ० | १ | ५ |
| शिक्षण प्रभावकारी हुने | १ | १४ | १ | १७ | १ | १४ | ३ | १५ |
| शिक्षण योजना बद्ध हुने | २ | २९ | १ | १७ | २ | २९ | ५ | २५ |
| जम्मा | ७ | १०० | ६ | १०० | ७ | १०० | २० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण

## अनुसूचि एघार :

## शिक्षकले विद्यालयमा शैक्षणिक योजना निर्माण र प्रयोग गरेको अवस्था

| विवरण | संख्या | प्रतिशत | जम्मा | |
|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत |
| सामान्य रुपमा | ० | ० | ० | ० |
| प्राय जसो | १ | २० | १ | २० |
| धेरै जसो | ४ | ८० | ४ | ८० |
| जम्मा | ५ | १०० | ५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण

अनुसूचि बाह्र :

विद्यालयमा विषयगत रुपमा आवश्यक पर्ने शैक्षिक सामग्रीको अवस्था

| विवरण | संख्या | प्रतिशत | जम्मा | |
|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत |
| न्यून | १ | २० | १ | २० |
| उत्तम | ३ | ६० | ३ | ६० |
| अति उत्तम | १ | २० | १ | २० |
| जम्मा | ५ | १०० | ५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण

## अनुसूचि तेह्र :

## विद्यालयमा शिक्षक तालिमको अवस्था

| विवरण | संख्या | प्रतिशत | जम्मा | |
|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत |
| न्यून | ० | ० | ० | ० |
| उत्तम | ० | ० | ० | ० |
| अति उत्तम | ५ | १०० | ५ | १०० |
| जम्मा | ५ | १०० | ५ | १०० |

स्रोत : विद्यालय अभिलेख

अनुसूचि चौध :

शैक्षणिक योजना सम्वन्धि व्यवस्थापन समितिलाई भएको जनकारीको अवस्था

| विवरण | संख्या | प्रतिशत | जम्मा | |
|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत |
| थहा हुने | ५ | ५० | ५ | ५० |
| थाहा नहुने | २ | २० | २ | २० |
| केही थाहा हुने | ३ | ३० | ३ | ३० |
| जम्मा | १० | १०० | १० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण

## अनुसूचि पन्ध्र :

## शैक्षणिक योजना निर्माणमा वि.व्य.स.बाट हुने सहयोगको अवस्था

| विवरण | संख्या | प्रतिशत | जम्मा | |
|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत |
| सहयोग हुने | ४ | ४० | ४ | ४० |
| सहयोग नहुने | ० | ० | ० | ० |
| सहयोग गर्ने समय नहुने | २ | २० | २ | २० |
| आवस्यक पर्दा गर्ने | ४ | ४० | ४ | ४० |
| जम्मा | १० | १०० | १० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण

अनुसूचि सोह्र :

शैक्षिक व्यवस्थापनमा वि.व्य.स.को धारणको अवस्था

| विवरण | संख्या | प्रतिशत | जम्मा | |
|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत |
| शैक्षिक कार्यक्रम अगाडी बढने | ३ | ३० | ३ | ३० |
| उद्देश्य पुरा हुने | ५ | ५० | ५ | ५० |
| शिक्षक, अभिभावकको सम्वन्ध राम्रो हुने | २ | २० | २ | २० |
| जम्मा | १० | १०० | १० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण

## अनुसूचि सत्र :

## शिक्षकले विद्यार्थीहरुलाई शैक्षणिक योजनाको नमुना अभ्यासको अवस्था

| विवरण | प्रावि तह | | निमावि तह | | मावि तह | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| अभ्यास गराउनुहुन्छ | १ | ११ | २ | २५ | ८ | १०० | ११ | ४४ |
| अभ्यासगराउनुहुन्न | २ | २२ | १ | १२ | ० | ० | ३ | १२ |
| थाहा छैन | ६ | ६७ | ५ | ६३ | ० | ० | ११ | ४४ |
| जम्मा | ९ | १०० | ८ | १०० | ८ | १०० | २५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण